# प्रक्रियागत सुरक्षासम्बन्धी सूचना: अशक्त विद्यार्थीका अभिभावकसँग भएको अधिकार



**लागू मिति: अक्टोबर 19, 2022**

VERMONT
AGENCY OF EDUCATION

# स्रोतहरू

## तपाईंको विद्यालय जिल्लाको विशेष शिक्षा प्रशासक

उहाँहरूसँग तपाईंका अधिकार र तपाईंको समुदायमा भएका विशेष शिक्षा सेवाहरूका बारेमा जानकारी छ। यस व्यक्तिको नाम र टेलिफोन नम्बर लिन आफ्नो सुपरिवेक्षकको कार्यालयमा सम्पर्क गर्नुहोस्।

## भर्मन्ट राज्य: शिक्षा निकाय

अशक्त विद्यार्थीका अभिभावकसँग भएको अधिकार कागजातमा मध्यस्थता, उचित प्रक्रिया वा प्रशासनिक उजुरीसम्बन्धी जानकारी र अशक्त विद्यार्थीका अभिभावकसँग भएको अधिकारसम्बन्धी अन्य विषयहरू छन्। साथै, तपाईंसँग कुनै पनि प्रश्न वा सरोकार भएमा यस कागजातमा सम्पर्क जानकारी दिइएको छ।

## फारामहरू

- मध्यस्थता फाराम
- उचित प्रक्रियाको उजुरी: अभिभावकका लागि
- उचित प्रक्रियाको उजुरी: विद्यालय जिल्लाका लागि
- प्रशासकीय उजुरी फाराम

विद्युतीय माध्यमबाट फारामहरू भर्नका लागि इमेल ठेगाना: AOE.MediationDPinfo@vermont.gov

मेलबाट फारामहरू भर्नका लागि मेल ठेगाना:

शिक्षा निकाय

**विशेष शिक्षा मध्यस्थता सेवा**

**1 National Life Drive, Davis 5**

**Montpelier, VT 05620-2501**

## अन्य क्षेत्रीय स्रोतहरू

भर्मन्ट फेमिली नेटवर्क

600 Blair Park, Rd Ste. 240

Williston, Vermont 05495

फोन: (802) 876-5315

भर्मन्ट अशक्तता कानून परियोजना

264 North Winooski Avenue

Burlington, VT 05401

फोन: (800) 889-2047

## विषयसूची

स्रोतहरू ........................................................................................2

तपाईंको विद्यालय जिल्लाको विशेष शिक्षा प्रशासक ........................................2

भर्मन्ट राज्य: शिक्षा निकाय ..........................................................................2

फारामहरू......................................................................................................2

अन्य क्षेत्रीय स्रोतहरू ......................................................................................2

प्रक्रियागत सुरक्षासम्बन्धी सूचना: अशक्त विद्यार्थीका अभिभावकसँग भएको अधिकार..............9

भर्मन्ट विशेष शिक्षासम्बन्धी नियमहरू बनाउन अभिभावकको जानकारी (इनपुट) ..............9

IEP को विषयसूचीमा अभिभावकको जानकारी.............................................10

साधारण जानकारी.............................................................................................11

पूर्व लिखित सूचना ...........................................................................................11

सूचना..........................................................................................................11

सूचना सामग्री ...............................................................................................11

सरल भाषामा सूचना .......................................................................................12

मातृभाषा.......................................................................................................12

विद्युतीय मेल .................................................................................................12

अभिभावकीय सहमति - परिभाषा ....................................................................12

अभिभावकीय सहमति.......................................................................................13

प्रारम्भिक मूल्याङ्कनका लागि सहमति ..........................................................13

राज्यका वार्ड (आश्रित) हरूको प्रारम्भिक मूल्याङ्कनका लागि विशेष नियमहरू.....................13

सेवाहरूका लागि अभिभावकीय सहमति.........................................................14

सेवाहरूका लागि अभिभावकीय सहमतिको खारेजी ..........................................14

पुनर्मूल्याङ्कनहरूका लागि अभिभावकीय सहमति ..........................................15

अभिभावकीय सहमति प्राप्त गर्नका लागि उचित प्रयासहरूको कागजात........................15

सहमतिसम्बन्धी अन्य आवश्यकताहरू..............................................................15

निजी शैक्षिक मूल्याङ्कनहरू ........ 16

सामान्य ........ 16

परिभाषाहरू ........ 16

सार्वजनिक खर्चमा मूल्याङ्कन गर्ने अभिभावकको अधिकार ........ 16

अभिभावकले सुरु गरेका मूल्याङ्कनहरू ........ 16

सुनुवाई अधिकारीहरूद्वारा मूल्याङ्कन गर्ने अनुरोधहरू ........ 17

विद्यालय जिल्ला / सुपरिवेक्षण युनियनको मापदण्ड ........ 17

जानकारीको गोपनीयता ........ 17

परिभाषाहरू ........ 17

व्यक्तिगत रूपमा पहिचान गर्न मिल्ने ........ 17

अभिभावकहरूलाई सूचना ........ 17

पहुँच अधिकारहरू ........ 18

पहुँचको रेकर्ड ........ 18

एकभन्दा बढी बच्चाका रेकर्डहरू ........ 19

जानकारीका प्रकार र स्थानहरूको सूची ........ 19

शुल्कहरू ........ 19

अभिभावकहरूको अनुरोधमा रेकर्डहरूको संशोधन ........ 20

सुनुवाईको अवसर ........ 20

सुनुवाई प्रक्रियाहरू ........ 20

सुनुवाईको नतिजा ........ 20

व्यक्तिगत रूपमा पहिचान गर्न मिल्ने जानकारीको खुलासाका लागि सहमति ........ 21

सुरक्षा ........ 21

जानकारीको विनाश ........ 21

भर्मन्टका उजुरी प्रक्रियाहरू ........ 21

निष्पक्ष उचित प्रक्रिया सुनुवाई र प्रशासकीय उजुरी प्रक्रियाहरूबीचको भिन्नता ........ 22

प्रशासकीय उजुरी प्रक्रियाहरू ........ 22

सामान्य ........................................................................................................22
समय विस्तारहरू........................................................................................................23
प्रशासकीय उजुरी र निष्पक्ष उचित प्रक्रिया सुनुवाई........................................................................23
प्रशासकीय उजुरी दायर गर्ने..............................................................................................23
सामान्य ........................................................................................................24
भाग C का उजुरीहरू ........................................................................................................24
उचित प्रक्रियाको उजुरी प्रक्रियाहरू..............................................................................................24
उचिय प्रक्रियाको उजुरी दायर गर्ने ........................................................................................24
सामान्य ........................................................................................................24
अभिभावकका लागि जानकारी..............................................................................................25
उचित प्रक्रियाको उजुरी........................................................................................................25
सामान्य ........................................................................................................25
उजुरीको सामग्री ........................................................................................................25
उचित प्रक्रियाको उजुरीमा सुनुवाईअघि आवश्यक पर्ने सूचना..............................................................25
पर्याप्त उजुरी ........................................................................................................25
उजुरी संशोधन........................................................................................................26
उचित प्रक्रियाको उजुरीप्रति विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको प्रतिक्रिया ..................................26
उचित प्रक्रियाको उजुरीप्रति अन्य पक्षको प्रतिक्रिया ..............................................................26
मोडेल फारामहरू ........................................................................................................26
मध्यस्थता........................................................................................................27
सामान्य ........................................................................................................27
आवश्यकताहरू ........................................................................................................27
मध्यस्थकर्ताको निष्पक्षता........................................................................................................28
उचित प्रक्रियाको उजुरी र सुनुवाई विचाराधिन हुँदा बच्चाको स्थान नियोजन ..........................................28
समाधान प्रक्रिया........................................................................................................29
समाधान बैठक ........................................................................................................29

समाधानको अवधि ........................................................................................29
30 दिने समाधान अवधिका समायोजनहरू.............................................................30
लिखित समाधान सम्झौता ..........................................................................30
सम्झौताको समीक्षा अवधि..........................................................................30
उचिय प्रक्रियाको उजुरीमा भएका सुनुवाईहरू .................................................30
निष्पक्ष उचित प्रक्रिया सुनुवाई ....................................................................30
निष्पक्ष सुनुवाई अधिकारी .........................................................................30
उचित प्रक्रियाको सुनुवाईको विषयवस्तु..................................................... 31
सुनुवाई अनुरोध गर्ने समयरेखा ................................................................. 31
समयरेखाका अपवादहरू ........................................................................... 31
सुनुवाईका अधिकारहरू.............................................................................. 31
सामान्य .................................................................................................. 31
जानकारीको अतिरिक्त खुलासा ..................................................................32
सुनुवाईहरूमा अभिभावकीय अधिकारीहरू....................................................32
सुनुवाईका निर्णयहरू.................................................................................32
सुनुवाई अधिकारीको निर्णय .......................................................................32
विधानसम्बन्धी धारा .................................................................................33
उचित प्रक्रियाको सुनुवाईका लागि छुट्टै अनुरोध .........................................33
सल्लाहकार समिति र सर्वसाधारण जनताका लागि खोज र निर्णय.......................33
अपीलहरू ................................................................................................33
अन्तिम निर्णय; अपील; निष्पक्ष समीक्षा ......................................................33
अन्तिम सुनुवाई निर्णय ............................................................................33
सुनुवाई र समीक्षाहरूको समयरेखा र उपयुक्तता..............................................33
ती कार्यहरू दायर गर्ने समयावधिसहित नागरिक कार्यहरू....................................34
सामान्य ..................................................................................................34
समयसीमा ..............................................................................................34

थप कार्यविधिहरू ......................................................................................................................34
जिल्ला अदालतहरूको क्षेत्राधिकार ..........................................................................................34
विधानको नियम ......................................................................................................................34
वकीलहरूको शूल्क ....................................................................................................................35
सामान्य .....................................................................................................................................35
शुल्कहरूको पुरस्कार.................................................................................................................35
असक्षमताहरू भएका बालबालिकाहरूलाई अनुशासनमा राख्ने प्रक्रियाहरू..........................................36
विद्यालय कर्मचारीको अधिकारी ..................................................................................................36
प्रत्येक मामिलामा आधारित निर्धारण ..........................................................................................36
सामान्य .....................................................................................................................................37
अतिरिक्त अधिकार......................................................................................................................37
सेवाहरू .....................................................................................................................................37
प्रत्यक्षीकरण निर्धारण..................................................................................................................38
उक्त व्यवहार बच्चाको असक्षमताको अभिव्यक्ति थियो कि थिएन भन्ने विषयमा निर्धारण ..........................38
विशेष परिस्थितिहरू ..................................................................................................................38
परिभाषाहरू...............................................................................................................................39
सूचना.........................................................................................................................................39
अनुशासनात्मक निष्कासनहरूका कारणले स्थान नियोजनमा परिवर्तन ..................................................39
सेटिङको निर्धारण .......................................................................................................................39
अपील.........................................................................................................................................39
सामान्य .....................................................................................................................................40
सुनुवाई अधिकारीको अधिकार ......................................................................................................40
अपीलहरूको अवधिमा स्थान नियोजन.............................................................................................40
विशेष शिक्षा तथा सम्बन्धित सेवाहरूका लागि अहिलेसम्म योग्य नरहेका बालबालिकाको सुरक्षा..................... 41
सामान्य .....................................................................................................................................42
अनुशासनात्मक मामिलाहरूका लागि ज्ञानको आधार.............................................................................42

अपवाद ....................................................................................................................42

कुनै ज्ञानको आधार नभएमा लागू हुने अवस्थाहरू.......................................................................42

कानून कार्यन्वयन र न्यायिक अधिकारीहरूमा गरिने सिफारिस र उनीहरूद्वारा गरिने कार्यवाही ........................42

रेकर्डहरूको प्रसारण.....................................................................................................43

सार्वजनिक खर्चमा निजी विद्यालयमा बालबालिकाका अभिभावकहरूद्वारा गरिने एकपक्षीय स्थान नियोजनका लागि आवश्यकताहरू ..................................................................................................43

सामान्य .................................................................................................................43

निजी विद्यालय स्थान नियोजनको प्रतिपूर्ति ........................................................................44

प्रतिपूर्तिको सीमितता ..................................................................................................44

## प्रक्रियागत सुरक्षासम्बन्धी सूचना: अशक्त विद्यार्थीका अभिभावकसँग भएको अधिकार

अशक्त व्यक्तिहरूको शिक्षा ऐन (IDEA), अशक्त विद्यार्थीहरूको शिक्षासम्बन्धी संघीय कानूनले विद्यालयहरूलाई अशक्त बच्चाका अभिभावकलाई IDEA र भर्मन्ट शिक्षा निकायका विशेष शिक्षा नियमअन्तर्गत उपलब्ध प्रक्रियागत सुरक्षासम्बन्धी पूरा व्याख्या गरिएको सूचना उपलब्ध गराउन आग्रह गर्दछ (सबै नियमका सन्दर्भ भर्मन्ट राज्य शिक्षा बोर्डको नियम तथा अभ्यास म्यानुअल मा फेला पार्न सकिन्छ; 34 संघीय विनियम संहिता (CFR) को भाग 300 संघीय दर्ता मा फेला पार्न सकिन्छ)।

तपाईं निम्नमध्ये कुनै भएमा अभिभावकीय अधिकारहरू पाउनुहुन्छ:

- जन्म दिने वा दत्तक अभिभावक
- अभिभावक (यदि बच्चा भर्मन्ट बालबालिका तथा परिवार विभाग (DCF) को संरक्षणमा छ भने राज्यले बच्चाको अभिभावकको दर्जा लिन मिल्दैन भन्ने कुरामा कृपया ध्यान दिनुहोस्।)
- अभिभावकको दर्जा लिने व्यक्ति, जस्तै बच्चासँगै बस्ने र कानूनी रूपमा जिम्मेवारी लिएको हजुरबुवा/हजुरआमा वा सौतेलो अभिभावक
- VTSBE 2368; 34 CFR धारा 300.519 का अनुसार भर्मन्ट शैक्षिक प्रतिनिधि अभिभावक कार्यक्रमले नियुक्त गरेको अभिभावक
- शैक्षिक प्रतिनिधि अभिभावक भनेर नियुक्त गरिएको फोस्टर अभिभावक

निम्न अवस्थामा तपाईंले आफ्नो बच्चाको विद्यालयबाट तपाईंसँग भएका अधिकारहरू लेखिएको कागजको एउटा प्रतिलिपि पाउनुपर्छ:

- तपाईंको बच्चाको प्रारम्भिक मूल्याङ्कन वा पुनः मूल्याङ्कन गर्ने योजना बनाइएको बेलामा; वा
- तपाईं वा विद्यालयले निष्पक्ष उचित प्रक्रिया सुनुवाई राख्न अनुरोध गरेको बेलामा; वा
- तपाईंले प्रशासकीय उजुरी दायर गरेको बेलामा; वा
- तपाईंको अनुरोधमा; वा
- कम्तीमा वर्ष-वर्षमा

एकदमै महत्त्वपूर्ण विशेष शिक्षा अधिकारले तपाईंलाई निम्न कुरा गर्ने अधिकार दिन्छ:

- आफ्नो बच्चाको शिक्षासम्बन्धी महत्त्वपूर्ण निर्णयहरूका बारेमा जानकारी पाउने
- तपाईंको बच्चालाई मूल्याङ्कन गर्नुअघि, उहाँले विशेष शिक्षा र सम्बन्धित सेवाहरू पाउनुअघि र उहाँको बारेमा गोपनीय जानकारी खुलासा गर्नुअघि आफ्नो सहमति दिन पाउने
- आफ्नो बच्चाको मूल्याङ्कन, विशेष शिक्षा योग्यता, शैक्षिक कार्यक्रम र स्थान नियोजनका बारेमा छलफल हुने बैठकहरूमा सहभागी हुन पाउने
- आफ्नो बच्चाका शिक्षा रेकर्डहरू थाहा पाउने र ती रेकर्डहरू गोपनीय राख्ने
- आफू सहमत नभएको निर्णयहरू बदल्न अपील गर्न पाउने

## भर्मन्ट विशेष शिक्षासम्बन्धी नियमहरू बनाउन अभिभावकको जानकारी (इनपुट)

बच्चाको IEP बनाउने र संशोधन गर्ने प्रक्रियामा अभिभावकको जानकारी समावेश हुन्छ जसमा उहाँको बच्चाले हालै शैक्षिक तथा कार्यात्मक प्रदर्शनमा हासिल गरेको दर्जासम्बन्धी विशेष जानकारी पर्दछ। अभिभावकीय जानकारी खण्ड वा IEP भित्र पर्ने पेजमार्फत वा IEP कागजात भित्रको फाराम सन्दर्भित कथन भएको अभिभावकको जानकारी फाराम (फाराम #12 वा अभिभावकको जानकारी सङ्कलन गर्ने अन्य विधि) मार्फत संलग्नका रूपमा अभिभावकीय जानकारी समावेश गरिन्छ। अभिभावकको जानकारी फाराम विद्यार्थीको फाइलको हिस्सा हुन्छ। लिखित जानकारी उपलब्ध गराउने अभिभावकहरूसँग IEP लेख्न वा संशोधन गर्नका लागि राखिएको IEP बैठकपछि IEP प्राप्त गरेको दश (10) दिनभित्र जानकारी भरेर IEP टोलीलाई पठाउने अधिकार हुन्छ। अभिभावकसँग थप प्रतिक्रिया वा जानकारी भएमा उहाँहरूलाई 10 दिनभित्र फाराम फिर्ता पठाउने (वा अभिभावकको जानकारी सङ्कलन गर्ने अन्य विधि) बारे जानकार गराइने छ।

अभिभावकहरूले IEP बैठक बसेको बेलामा मौखिक जानकारी दिन उपयुक्त हुन्छ र त्यसो गर्न प्रोत्साहित गरिन्छ जसकारण जिल्लालाई उक्त जानकारी लिखित IEP मा समावेश गर्न मद्दत मिल्छ। माथि व्याख्या गरिएको अभिभावकीय जानकारी पेजले अभिभावकहरूलाई जानकारी दिने अर्को माध्यम उपलब्ध गराउँछ तर यसलाई मौखिक जानकारी कागजातमा नलेख्ने भनेर अनुवादन गरिएको हुनुहुँदैन। साथै, अभिभावकहरूले चाहेमा आफ्नो जानकारी नदिन सक्नुहुन्छ। अभिभावकले जानकारी दिन अस्वीकार गर्नुहुन्छ वा प्रतिक्रिया दिनुहुन्न भने, LEA ले IEP को अभिभावकको जानकारी खण्डभित्र यो अवस्था समावेश गर्नुपर्छ।

IEP लाई पूर्व लिखित सूचनामा कार्यान्वयन गरिएको मितिको रूपमा सन्दर्भित मितिबाट 'कार्यान्वित' मानिने छ। IEP संशोधन गर्ने जानकारी समीक्षा गर्नका लागि पछि बैठक बसेमा, नयाँ IEP र पूर्व लिखित सूचना गराउनु पर्ने हुन सक्छ।

अभिभावक IEP टोलीसँग असहमत हुनुभयो वा IEP टोलीको थप विचार आवश्यक पर्ने नयाँ जानकारी दिनुभयो भने, अभिभावकको प्रतिक्रियाले त्यस्तो कुनै कुरा गरेमा LEA ले थप बैठक राख्नुपर्छ। यसमा IEP बैठकमा पहिले नै सम्बोधन नगरिएको नयाँ जानकारी वा सम्बोधन गर्नु पर्ने IEP प्रक्रियाका बारेमा सरोकारहरूको फाराम लाग्ने छ। यस्तो अवस्थामा, LEA ले प्रतिक्रियाको प्राप्ति पुष्टि गर्ने छ र कि IEP टोलीलाई उपलब्ध गराइएको जानकारीका बारेमा विचार गर्नका लागि थप औपचारिक IEP बैठक बस्ने समय निर्धारण गर्न सक्छ कि मुद्दा व्यवस्थापक वा विशेष शिक्षा प्रशासकसँग विशेष रूपमा बैठक बस्ने समय निर्धारण गर्न सक्छ। अभिभावकले अनुरोध गरेको खण्डमा LEA ले पूरा IEP बैठक राख्नुपर्छ। वार्षिक बैठकहरूमा IEP संशोधन गर्ने विशिष्ट प्रक्रियानुसार फाराम 5B प्रयोग गरेर कुनै पनि संशोधन सिर्जना गर्न सकिन्छ।

## IEP को विषयसूचीमा अभिभावकको जानकारी

भर्मन्टको विशेष शिक्षा नियम 2363.7 IEP को सामग्री (34 C.F.R. § 300.320) बाट बाहेक:

> (j) अभिभावकको जानकारी। IEP ले अभिभावकहरूका लागि आफ्नो बच्चाको IEP को सम्बन्धमा लिखित टिप्पणीहरू दिने खण्ड समावेश गर्ने छ। IEP लेख्न वा संशोधन गर्नका लागि बैठक बस्दा, LEA ले अभिभावकलाई निर्णयबारे पूर्व लिखित सूचनासँगै IEP को बारेमा पनि सूचना पठाउने छ। अभिभावकलाई IEP को अभिभावकको जानकारी खण्ड भरेर पठाउन 10 दिनको समय दिनु पर्छ। अभिभावकको जानकारी खण्डको उद्देश्य भनेको परिवारलाई IEP वा IEP प्रक्रियाका बारेमा कुनै पनि विचार व्यक्त गर्न पाउनेगरी प्रतिक्रिया दिने सुविधा प्रदान गर्नु हो। अभिभावकको जानकारी पाएपछि, LEA ले अभिभावकका सरोकारहरूबारे छलफल गर्न बैठक राख्न सक्छ तर आवश्यक पर्दैन।

## साधारण जानकारी

## पूर्व लिखित सूचना

### सूचना

विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले निम्न कार्य गर्दा तपाईंलाई लिखित सूचना (लिखित जानकारी) दिनुपर्छ:

1. तपाईंको बच्चाको पहिचान, मूल्याङ्कन वा शैक्षिक स्थान नियोजन वा निःशुल्क उपयुक्त सार्वजनिक शिक्षा (FAPE) को प्रावधान सुरु वा परिवर्तन गर्न प्रस्ताव गर्दा; वा
2. तपाईंको बच्चाको पहिचान, मूल्याङ्कन वा शैक्षिक स्थान नियोजन वा FAPE को प्रावधान सुरु वा परिवर्तन गर्ने कुरा अस्वीकार गर्दा; वा
3. रिफरल पाएको 15 दिनभित्र प्रारम्भिक मूल्याङ्कन पूरा नगर्दा वा मूल्याङ्कन बैठक नराख्दा; वा
4. मूल्याङ्कन पूरा गर्ने अपेक्षित मिति रहेको विवरणहरू हेरेर प्रारम्भिक मूल्याङ्कन पूरा गर्न 60 दिनभन्दा बढी ढिलाइ गर्दा

नियम 2365.1.1; 2362.2.1; 34 CFR §300.503; §300.306

### सूचना सामग्री

लिखित सूचनामा:

1. तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले प्रस्ताव वा अस्वीकार गर्न चाल्ने कदमका बारेमा व्याख्या गरिएको हुनुपर्छ
2. तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले कदम चाल्न प्रस्ताव वा अस्वीकार गरेको कारणका बारेमा व्याख्या गरिएको हुनुपर्छ
3. तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले कदम चाल्न प्रस्ताव वा अस्वीकार गर्ने निर्णय लिन प्रयोग गरेको प्रत्येक मूल्याङ्कन प्रक्रिया, मूल्याङ्कन, रेकर्ड वा रिपोर्टका बारेमा व्याख्या गरिएको हुनुपर्छ
4. तपाईंसँग IDEA को भाग B र भर्मन्टका विशेष शिक्षा नियमहरूमा प्रक्रियागत सुरक्षा प्रावधानहरूअन्तर्गत सुरक्षाहरू भएको कथन समावेश गरिएको हुनुपर्छ
5. तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले प्रस्ताव वा अस्वीकार गर्ने कार्यवाही मूल्याङ्कनको प्रारम्भिक सन्दर्भ नभएमा तपाईंलाई प्रक्रियागत सुरक्षाको विवरण कसरी प्राप्त गर्ने भन्ने कुरा बताएको हुनुपर्छ
6. तपाईंका लागि IDEA को भाग B र भर्मन्टका विशेष शिक्षा नियमहरू बुझ्न मद्दत लिनका लागि सम्पर्क गर्ने स्रोतहरू समावेश गरिएको हुनुपर्छ
7. तपाईंको बच्चाको व्यक्तिपरक शिक्षा कार्यक्रम (IEP) टोलीले विचार गरेका कुनै अन्य विकल्प र ती विकल्प अस्वीकार गर्नुका कारणहरूका बारेमा व्याख्या गरिएको हुनुपर्छ; र
8. तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले उक्त कार्यवाही प्रस्ताव वा अस्वीकार गर्नुका अन्य कारणका बारेमा विवरण दिएको हुनुपर्छ

**सरल भाषामा सूचना**

सूचना:

1. सर्वसाधारण जनताले बुझ्न सक्ने भाषामा लेखिएको हुनुपर्छ; र
2. त्यसो गर्न स्पष्ट रूपमा सम्भव नभएसम्म, तपाईंको मातृभाषा वा तपाईंले प्रयोग गर्ने अन्य सञ्चार माध्यममा उपलब्ध गराइएको हुनुपर्छ

तपाईंको मातृभाषा वा अन्य सञ्चार माध्यम लिखित भाषा नभएमा तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले निम्न कुराहरू सुनिश्चित गर्नुपर्छ:

1. उक्त सूचना तपाईंको मातृभाषामा वा अन्य सञ्चार माध्यमद्वारा मौखिक रूपमा अनुवादन गरिएको छ
2. तपाईंले सूचना सामग्री बुझ्नुभएको छ; र
3. 1 र 2 बुँदा पूरा भएको लिखित प्रमाण छ

## मातृभाषा

सीमित अङ्ग्रेजी प्रवीणता भएको व्यक्तिसँग कुरा गर्दा, *मातृभाषा*ले निम्न कुराहरू जनाउँछ:

1. उक्त व्यक्तिले सामान्यतया बोल्ने भाषा वा बच्चाको सन्दर्भमा बच्चाको आमाबुवाले सामान्यतया बोल्ने भाषा
2. बच्चाले सामान्यतया घर वा अध्ययन वातावरणमा बोल्ने भाषा

बहिरोपन वा अन्धोपनको समस्या भएको व्यक्ति वा लिखित भाषा नभएको व्यक्तिका लागि, उक्त व्यक्तिले सामान्यतया प्रयोग गर्ने सञ्चार माध्यम (जस्तै, साङ्केतिक भाषा, ब्रेल वा मौखिक कुराकानी)।

34 CFR §300.29

## विद्युतीय मेल

तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले अभिभावकहरूलाई इमेलको माध्यमबाट कागजात प्राप्त गर्ने विकल्प प्रस्ताव गरेमा, तपाईं इमेलमार्फत निम्न कुराहरू प्राप्त गर्ने छनोट गर्न सक्नुहुन्छ:

1. पूर्व लिखित सूचना
2. प्रक्रियात्मक सुरक्षासम्बन्धी सूचना; र
3. उचित प्रक्रियाको उजुरीसँग सम्बन्धित सूचनाहरू

नियम 2365.1.1(h) (4); 34 CFR §300.505

## अभिभावकीय सहमति - परिभाषा

*सहमति* भनेको:

1. तपाईंले सहमति दिन लाग्नुभएको कार्यवाहीका बारेमा सबै जानकारी तपाईंको मातृभाषा वा अन्य सञ्चार माध्यम (जस्तै साङ्केतिक भाषा, ब्रेल वा मौखिक सञ्चार) मा तपाईंलाई पूर्ण रूपमा सूचित गरिएको छ।
2. तपाईंले उक्त कार्यवाही बुझ्नुभएको छ र त्योसँग सहमत हुनुहुन्छ र सहमति भनेको उक्त कार्यवाही हो र खुलासा गरिने रेकर्डहरू (यदि कुनै भएमा) र कसलाई खुलासा गरिने भन्ने कुरा सूचीमा हुन्छ; र
3. सहमति दिने/नदिने कुरा तपाईंको लागि स्वैच्छिक हो र तपाईंले आफ्नो सहमति कुनै पनि समयमा फिर्ता लिन सक्नुहुन्छ भन्ने कुरा बुझ्नुहुन्छ।

तपाईंको सहमति फिर्ता लिने कार्यले तपाईंले आफ्नो सहमति दिएपछि र फिर्ता लिनुअघि गरिएको कुनै पनि कार्यवाहीलाई अस्वीकार (पूर्ववत) गर्दैन।

नियम 2365.1.3; 34 CFR §300.9

## अभिभावकीय सहमति

अभिभावकीय सहमतिसम्बन्धी विवरणहरूका लागि [34 CFR §300.300](#) हेर्नुहोस्।

### प्रारम्भिक मूल्याङ्कनका लागि सहमति

तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले अभिभावकीय सहमतिको शीर्षकअन्तर्गत सन्दर्भित कागजातमा व्याख्या गरिएनुसार पहिले तपाईंलाई प्रस्तावित कार्यको पूर्व लिखित सूचना नदिकन र तपाईंको सहमति प्राप्त नगरिकन तपाईंको बच्चा IDEA को भाग B र भर्मन्टका विशेष शिक्षा नियमहरूअन्तर्गत योग्य हुनुहुन्छ कि हुनुहुन्न भन्ने कुरा निर्धारण गर्नका लागि प्रारम्भिक मूल्याङ्कन गर्न सक्दैन।

तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले प्रारम्भिक मूल्याङ्कनका लागि तपाईंको बच्चामा अपाङ्गता छ वा छैन भनी निर्धारण गर्न तपाईंको सूचित सहमति प्राप्त गर्न उचित प्रयासहरू गर्नुपर्छ।

प्रारम्भिक मूल्याङ्कनका लागि तपाईंको सहमति दिनुको अर्थ तपाईंले आफ्नो बच्चालाई विशेष शिक्षा र सम्बन्धित सेवाहरू प्रदान गर्न सुरु गर्नका लागि आफ्नो विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनलाई पनि आफ्नो सहमति दिनुभएको छ भन्ने हुँदैन।

तपाईंको बच्चा सार्वजनिक विद्यालयमा नामाङ्कित हुनुहुन्छ वा तपाईं आफ्नो बच्चालाई सार्वजनिक विद्यालयमा नामाङ्कन गर्न खोज्दै हुनुहुन्छ र तपाईंले सहमति प्रदान गर्न अस्वीकार गर्नुभएको छ वा प्रारम्भिक मूल्याङ्कनका लागि सहमति प्रदान गर्ने अनुरोधमा प्रतिक्रिया जनाउन असफल हुनुभयो भने, तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले मध्यस्थता, उचित प्रक्रिया उपयोग गरेर वा विद्यमान डाटा समीक्षा गरेर प्रारम्भिक मूल्याङ्कन गर्न खोज्न सक्छ तर आवश्यक पर्दैन। विद्यालय जिल्ला/सुपरिवेक्षण युनियनले मूल्याङ्कन अनुसरण नगर्ने निर्णय लिन सक्छ र बच्चाको रेकर्डमा त्यसो गर्नुको निर्णय कागजातमा लेख्ने छ। तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले अभिभावकले सहमति दिन नसकेको मूल्याङ्कन अनुसरण नगरेमा तपाईंको बच्चालाई पहिचान र मुल्याङ्कन गर्ने दायित्वहरूको उल्लङ्घन गर्ने छैन।

### राज्यका वार्ड (आश्रित) हरूको प्रारम्भिक मूल्याङ्कनका लागि विशेष नियमहरू

राज्यको वार्ड र आफ्ना अभिभावकहरूसँग बसिरहेका बच्चाको सम्बन्धमा, विद्यालय जिल्लालाई बच्चा निम्न अवस्थामा असक्षमता भएको बच्चा हो वा होइन भनी निर्धारण गर्न प्रारम्भिक मूल्याङ्कनका लागि अभिभावकको सहमति आवश्यक पर्दैन:

1. उक्त कुरा गर्ने उचित प्रयासहरूको बावजूद, विद्यालय जिल्लाले बच्चाको अभिभावक फेला पार्न नसकेमा।
2. अभिभावकका अधिकारहरू राज्यको कानूनअनुसार खारेज गरिएको भएमा; वा:
3. न्यायाधीशले अभिभावक बाहेक अन्य व्यक्तिलाई शैक्षिक निर्णयहरू लिने र प्रारम्भिक मूल्याङ्कनका लागि सहमति दिने अधिकार सुम्पिएको भएमा।

IDEA मा प्रयोग गरिएनुसार, *राज्यको वार्ड (आश्रित)* भनेको निम्न हो जुन बच्चा बस्ने राज्यद्वारा निर्धारित गरिन्छ:

1. फोस्टर बच्चा
2. राज्यको कानूनअन्तर्गत राज्यको वार्ड (आश्रित) मानिन्छ; वा
3. सार्वजनिक बाल कल्याण निकायको संरक्षणमा छ

राज्यको वार्ड (आश्रित) मा फोस्टर अभिभावक भएको फोस्टर बच्चा पर्दैन।

### सेवाहरूका लागि अभिभावकीय सहमति

तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले पहिलो पटक तपाईंको बच्चालाई विशेष शिक्षा र सम्बन्धित सेवाहरू प्रदान गर्नुअघि तपाईंको सूचित सहमति प्राप्त गर्नुपर्छ र तपाईंको सहमति प्राप्त गर्नका लागि उचित प्रयासहरू गर्नुपर्छ।

तपाईंले पहिलो पटक आफ्नो बच्चालाई विशेष शिक्षा र सम्बन्धित सेवाहरू प्राप्त गर्नका लागि आफ्नो सहमति प्रदान गर्ने अनुरोधमा प्रतिक्रिया जनाउनुभएन वा तपाईंले उक्त सहमति दिन अस्वीकार गर्नुभयो भने, तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले तपाईंको सहमतिविना तपाईंको बच्चालाई विशेष शिक्षा र सम्बन्धित सेवाहरू (तपाईंको बच्चाको IEP टोलीद्वारा सिफारिस गरिएको) उपलब्ध गराउन सकिने सम्झौता वा आदेश प्राप्त गर्नका लागि प्रक्रियात्मक सुरक्षा (अर्थात्, मध्यस्थता, उचित प्रक्रियाको उजुरी, रिजोल्यूसन बैठक वा निष्पक्ष उचित प्रक्रिया सुनुवाई) प्रयोग नगर्न सक्छ।

तपाईंले आफ्नो बच्चालाई पहिलो पटक विशेष शिक्षा र सम्बन्धित सेवाहरू प्राप्त गर्नका लागि आफ्नो सहमति दिन अस्वीकार गर्नुहुन्छ वा तपाईंले उक्त सहमति प्रदान गर्ने अनुरोधमा प्रतिक्रिया जनाउनुहुन्न र तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले तपाईंको बच्चालाई तपाईंको सहमति खोजेका विशेष शिक्षा र सम्बन्धित सेवाहरू उपलब्ध गराउँदैन भने, तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन:

1. तपाईंको बच्चालाई निःशुल्क उपयुक्त सार्वजनिक शिक्षा (FAPE) उपलब्ध गराउने असफलताका लागि ती सेवाहरू उपलब्ध गराउने आवश्यकताको उल्लङ्घनमा हुँदैन; र:
2. तपाईंको सहमति अनुरोध गरिएको विशेष शिक्षा र सम्बन्धित सेवाहरूका लागि व्यक्तिकृत शिक्षा कार्यक्रम (IEP) बैठक राख्न वा तपाईंको बच्चाका लागि IEP विकास गर्न आवश्यक हुँदैन।

### सेवाहरूका लागि अभिभावकीय सहमतिको खारेजी

तपाईंसँग ती सेवाहरू सुरु हुनुअघि वा सुरु भएपछि कुनै पनि समयमा विशेष शिक्षा सेवाहरूका लागि आफ्नो सहमति रद्द गर्ने अधिकार छ।

तपाईंले रद्द गर्नुभयो भने, विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले मध्यस्थता वा निष्पक्ष उचित प्रक्रिया सुनुवाई अनुरोध गर्न सक्दैन।

साथै, तपाईंको बच्चा विशेष शिक्षाका नियमहरूअन्तर्गत अनुशासनको सम्बन्धमा सुरक्षित हुनु हुने छैन।

तपाईंले सहमति रद्द गर्नुभयो भने, तपाईंको बच्चा 1973 को पुनर्सुधार ऐनको धारा 504 अन्तर्गत भेदभावबाट संरक्षित हुन सक्नुहुन्छ र तपाईंले विद्यालयलाई तपाईंको बच्चा धारा 504 अन्तर्गत योग्य हुन सक्ने आपूर्तिहरू विचार गर्न अनुरोध गर्न सक्नुहुन्छ।

### पुनर्मूल्याङ्कनहरूका लागि अभिभावकीय सहमति

तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले निम्न कुरा प्रदर्शन गर्न नपाउँदासम्म तपाईंको बच्चाको पुनर्मूल्याङ्कन गर्नुअघि तपाईंको सूचित सहमति प्राप्त गर्नुपर्छ

1. तपाईंको बच्चाको पुनर्मूल्याङ्कनका लागि तपाईंको सहमति प्राप्त गर्न उचित कदमहरू चालेको; र:
2. तपाईंले प्रतिक्रिया नजनाएको

तपाईंले आफ्नो बच्चाको पुनर्मूल्याङ्कन प्रति सहमति दिन अस्वीकार गर्नुभयो भने, विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले तपाईंको बच्चाको पुनर्मूल्याङ्कन प्रति तपाईंले सहमति दिन अस्वीकार गरेको कुरालाई निरस्त गर्न मध्यस्थता, उचित प्रक्रियाको उजुरी, रिजोल्यूशन बैठक र निष्पक्ष उचित प्रक्रिया सुनुवाई प्रयोग गरेर तपाईंको बच्चाको पुनर्मूल्याङ्कन गर्ने प्रयास गर्न सक्ने छ तर त्यसो गर्न आवश्यक पर्दैन। प्रारम्भिक मूल्याङ्कनहरूका अनुसार, तपाईंको विद्यालय जिल्लाले यो तरिकामा पुनर्मूल्याङ्कन अनुसरण गर्न अस्वीकार गरेमा IDEA को भाग B अन्तर्गत रहेका आफ्ना दायित्वहरू उल्लङ्घन गर्दैन।

### अभिभावकीय सहमति प्राप्त गर्नका लागि उचित प्रयासहरूको कागजात

तपाईंको विद्यालयले प्रारम्भिक मूल्याङ्कनहरूका लागि अभिभावकीय सहमति प्राप्त गर्न, पहिलो पटक विशेष शिक्षा र सम्बन्धित सेवाहरू उपलब्ध गराउन, पुनर्मूल्याङ्कन गर्न र प्रारम्भिक मूल्याङ्कनहरूका लागि राज्यका वार्ड (आश्रित) हरूको अभिभावक पत्ता लगाउन आवश्यक पर्ने उचित प्रयासहरूको कागजात कायम राख्नुपर्छ। कागजातमा निम्न जस्ता, यी क्षेत्रहरूमा तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनका प्रयासहरूको रेकर्ड समावेश हुनुपर्छ:

1. फोन गरिएका वा फोन गर्न प्रयास गरिएका कलहरूको विस्तृत विवरण वा ती कलका नतिजाहरू;
2. अभिभावकहरूलाई पठाइएको पत्रका प्रतिलिपिहरू र प्राप्त गरिएको कुनै पनि प्रतिक्रिया; र
3. तपाईंको घर वा रोजगारीको स्थानमा भेट र उक्त भेटको परिणामका विस्तृत रेकर्डहरू।

### सहमतिसम्बन्धी अन्य आवश्यकताहरू

तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले निम्न कार्य गर्न सक्नुअघि तपाईंको सहमति आवश्यक पर्दैन:

1. तपाईंको बच्चाको मूल्याङ्कन वा पुनर्मूल्याङ्कनको भागको रूपमा विद्यमान डाटा समीक्षा गर्न; वा
2. सबै बालबालिकालाई लिइने कुनै मूल्याङ्कन वा अन्य मूल्याङ्कन गर्नुअघि सबै अभिभावकको सहमति आवश्यक नहुँदासम्म तपाईंको बच्चाको पनि उक्त परीक्षण वा अन्य मूल्याङ्कन लिन

तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले तपाईं वा तपाईंको बच्चाका लागि कुनै अन्य सेवा, लाभ वा क्रियाकलाप अस्वीकार गर्नका लागि एउटा सेवा वा क्रियाकलापमा सहमति दिने तपाईंको अस्वीकृति प्रयोग नगर्न सक्छ।

तपाईंले आफ्नो बच्चालाई आफ्नै खर्चले निजी विद्यालयमा भर्ना गर्नुभएको छ वा घरमै पढाउँदै हुनुहुन्छ र आफ्नो बच्चाको प्रारम्भिक मूल्याङ्कन वा पुनर्मूल्याङ्कन गर्न अनुमति दिनुभएन वा सहमति दिन अनुरोध गर्दा प्रतिक्रिया जनाउनुभएन भने, तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले मध्यस्थता, निष्पक्ष उचित प्रक्रियाको उजुरी, रिजोल्यूसन बैठक वा सहमति दिन अस्वीकार गर्नुभएको कुरा रद्द गर्न निष्पक्ष उचित प्रक्रिया सुनुवाई प्रयोग गर्न सक्दैन र तपाईंको बच्चालाई निष्पक्ष सेवाहरू (अशक्तता भएका बालबालिकालाई अभिभावकले भर्ना गरेको निजी विद्यालयलाई उपलब्ध गराइने सेवाहरू) प्राप्त गर्न योग्य ठहर गर्न आवश्यक पर्दैन।

## निजी शैक्षिक मूल्याङ्कनहरू

नियम 2362.2.8; 34 CFR §300.502

### सामान्य

तल व्याख्या गरिएनुसार, तपाईं आफ्नो विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले प्राप्त गरेको तपाईंको बच्चाको मूल्याङ्कनसँग असहमत हुनुहुन्छ भने, तपाईंसँग आफ्नो बच्चाको निजी शैक्षिक मूल्याङ्कन (IEE) प्राप्त गर्ने अधिकार छ।

तपाईंले IEE अनुरोध गर्नुभयो भने, तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले तपाईंले IEE पाउन सक्ने ठाउँ र IEE हरूमा लागू हुने विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको मापदण्डका बारेमा तपाईं जानकारी प्रदान गर्नुपर्छ।

### परिभाषाहरू

*निजी शैक्षिक मूल्याङ्कन* भनेको तपाईंको बच्चाको शिक्षाका लागि जिम्मेवार विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनद्वारा रोजगारमा नराखिएको कुनै मान्यताप्राप्त परीक्षकद्वारा गरिने मूल्याङ्कन हो।

*सार्वजनिक खर्च* भनेको तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले मूल्याङ्कनको पूर्ण खर्च कि त भुक्तानी गर्ने वा अन्यथा तपाईंलाई निःशुल्क मूल्याङ्कन उपलब्ध गराइएको छ भनी सुनिश्चित गर्ने हो।

### सार्वजनिक खर्चमा मूल्याङ्कन गर्ने अभिभावकको अधिकार

तपाईं निम्न अवस्थाहरूको सम्बन्धमा आफ्नो विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनद्वारा प्राप्त गरिएको तपाईंको बच्चाको मूल्याङ्कनसँग असहमत हुनुहुन्छ भने, तपाईंसँग सार्वजनिक खर्चमा आफ्नो बच्चाको निजी शैक्षिक मूल्याङ्कन गर्ने अधिकार छ:

1. तपाईंले सार्वजनिक खर्चमा आफ्नो बच्चाको निजी शैक्षिक मूल्याङ्कनको अनुरोध गर्नुभयो भने, तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले अनावश्यक ढिलाई नगरी निम्न कुराहरू गर्नुपर्छ: (a) तपाईंको बच्चाको सम्बन्धमा यसले गरेको मूल्याङ्कन उचित छ भनी देखाउनका लागि सुनुवाईमा जान अनुरोध गर्न उचित प्रक्रियाको उजुरी दायर गर्नुपर्छ; वा (b) उचित प्रक्रियाको सुनुवाईमा तपाईंले गराएको मूल्याङ्कनले विद्यालय जिल्लाको मापदण्ड पूरा गर्दैन भनी विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले प्रदर्शन गरेको अवस्थामा बाहेक, सार्वजनिक खर्चमा निजी शैक्षिक मूल्याङ्कन प्रदान गर्नुपर्छ।
2. तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले सुनुवाईको अनुरोध गर्नुभयो र तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले गर्ने तपाईंको बच्चाको मूल्याङ्कन उपयुक्त छ भनी अन्तिम निर्णय गरिन्छ भने, तपाईंसँग अझै पनि निजी शैक्षिक मूल्याङ्कनको अधिकार हुन्छ तर सार्वजनिक खर्चमा होइन।
3. तपाईंले आफ्नो बच्चाको निजी शैक्षिक मूल्याङ्कन अनुरोध गर्नुभयो भने, तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले आफूले प्राप्त गरेको तपाईंको बच्चाको मूल्याङ्कनमा तपाईंलाई किन आपत्ति छ भनी सोध्न सक्छ। यद्यपि, तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले स्पष्टीकरण दिनैपर्छ भनी आवश्यकता जनाउन पाउँदैन र कुनै उचित कारणविना सार्वजनिक खर्चमा तपाईंको बच्चाको निजी शैक्षिक मूल्याङ्कन प्रदान गर्न वा तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले गरेको तपाईंको बच्चाको मूल्याङ्कनको प्रतिवाद गर्नका लागि उचित प्रक्रियाको उजुरीको सुनुवाईको अनुरोध गर्न ढिलाइ गर्न पाउँदैन।

तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले हरेकपटक तपाईंको बच्चाको मूल्याङ्कन सञ्चालन गर्दा तपाईं सार्वजनिक खर्चमा आफ्नो बच्चाको एकपटक मात्र निजी शैक्षिक मूल्याङ्कन गर्नका लागि हकदार हुनुहुन्छ जसमा तपाईं असहमत हुनुहुन्छ।

### अभिभावकले सुरु गरेका मूल्याङ्कनहरू

तपाईंले सार्वजनिक खर्चमा आफ्नो बच्चाको निजी शैक्षिक मूल्याङ्कन प्राप्त गर्नुभयो वा तपाईंले निजी खर्चमा प्राप्त गर्नुभएको आफ्नो बच्चाको मूल्याङ्कन विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनसँग साझा गर्नुहुन्छ भने:

1. तपाईंको बच्चाको मूल्याङ्कनमा तपाईंको बच्चाको निःशुल्क उपयुक्त सार्वजनिक शिक्षा (FAPE) को प्रावधानको सम्बन्धमा लिइएको कुनै पनि निर्णयमा निजी शैक्षिक मूल्याङ्कनहरूका लागि विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको मापदण्ड पूरा हुन्छ भने, तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले यिनीहरूका नतिजाहरूबारे विचार गर्नुपर्छ; र
2. तपाईं वा तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले तपाईंको बच्चासँग सम्बन्धित उचित प्रक्रियाको सुनुवाईमा प्रमाणको रूपमा मूल्याङ्कन प्रस्तुत गर्न सक्छ।

### सुनुवाई अधिकारीहरूद्वारा मूल्याङ्कन गर्ने अनुरोधहरू

सुनुवाई अधिकारीले उचित प्रक्रियाको सुनुवाईको भागको रूपमा आफ्नो बच्चाको निजी शैक्षिक मूल्याङ्कनको अनुरोध गर्नुहुन्छ भने, मूल्याङ्कनको लागत सार्वजनिक खर्चमा हुनुपर्छ।

### विद्यालय जिल्ला / सुपरिवेक्षण युनियनको मापदण्ड

निजी शैक्षिक मूल्याङ्कन सार्वजनिक खर्चमा गरिएको छ भने, मूल्याङ्कनको स्थान र परीक्षकका योग्यताहरू लगायत मूल्याङ्कन प्राप्त गरिएको मापदण्ड तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले मूल्याङ्कन गर्दा प्रयोग गर्ने मापदण्डसँग समान हुनुपर्छ। माथि व्याख्या गरिएको मापदण्डका लागि बाहेक, विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले सार्वजनिक खर्चमा निजी शैक्षिक मूल्याङ्कन प्राप्त गर्ने कुराको सम्बन्धमा सर्त वा समयरेखाहरू लागू गर्दैन।

## जानकारीको गोपनीयता

### परिभाषाहरू

जानकारीको गोपनीयता शीर्षकअन्तर्गत प्रयोग गरिएअनुसार:

- नष्ट भनेको भौतिक रूपमा नष्ट हुनु वा जानकारीबाट व्यक्तिगत पहिचानहरू हटाउनु हो जसकारण जानकारी अब उपरान्त व्यक्तिगत रूपमा पहिचान गर्न मिल्दैन।
- शैक्षिक रेकर्डहरू भनेको 34 CFR भाग 99 (1974, 20 U.S.C. 1232g (FERPA) को पारिवारिक शैक्षिक अधिकारहरू र गोपनीयता ऐन कार्यान्वयन गर्ने नियमनहरू) मा "शैक्षिक रेकर्डहरू" को परिभाषाअन्तर्गत समेटिएका रेकर्डहरूको प्रकार हो।
- सहभागी निकाय भनेको IDEA को भाग B र भर्मन्टका विशेष शिक्षा नियमहरूअन्तर्गत व्यक्तिगत रूपमा पहिचान गर्न मिल्ने जानकारी सङ्कलन, कायम वा प्रयोग गर्ने वा जानकारी प्राप्त गर्ने कुनै पनि विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन, निकाय वा संस्था हो।

नियम 2365.2 34; CFR §300.611

### व्यक्तिगत रूपमा पहिचान गर्न मिल्ने

*व्यक्तिगत रूपमा पहिचान गर्न मिल्ने* भनेको निम्न कुरा समावेश भएको जानकारी हो:

- तपाईंको बच्चाको नाम, अभिभावकको रूपमा तपाईंको नाम वा अन्य परिवार सदस्यको नाम;
- तपाईंको बच्चाको ठेगाना;
- व्यक्तिगत परिचायक, जस्तै तपाईंको बच्चाको सामाजिक सुरक्षा नम्बर वा विद्यार्थीको नम्बर; वा
- तपाईंको बच्चाको पहिचान सुनिश्चित रूपमा सम्भव गराउने व्यक्तिगत विशेषता वा अन्य जानकारी सूची।

34 CFR §300.32

### अभिभावकहरूलाई सूचना

भर्मन्ट शिक्षा निकायले अभिभावकहरूलाई निम्न लगायत व्यक्तिगत रूपमा पहिचान गर्न मिल्ने जानकारीको गोपनीयताका बारेमा पूर्ण रूपमा जानकार गराउनका लागि पर्याप्त सूचना दिनुपर्छ:

1. राज्यमा रहेका विभिन्न जनसङ्ख्या समूहहरूको मातृभाषामा दिइने सूचनाको हदको विवरण;
2. व्यक्तिगत रूपमा पहिचान गर्न मिल्ने जानकारी कायम राखिएको बालबालिकाको विवरण, खोजिएको जानकारीका प्रकारहरू, जानकारी सङ्कलन गर्न राज्यले प्रयोग गर्न चाहेका विधिहरू (जानकारी सङ्कलन गरिने स्रोतहरूसहित) र जानकारीबाट गरिने प्रयोगहरू;
3. सहभागी निकायहरूले भण्डारण, तेस्रो-पक्षहरूलाई खुलासा, धारण र व्यक्तिगत रूपमा पहिचान गर्न मिल्ने जानकारी नष्ट गर्ने सम्बन्धमा पालना गर्नु पर्ने नीति र कार्यविधिहरूको सारांश; र:
4. परिवारका शैक्षिक अधिकारहरू र गोपनीयता ऐन (FERPA) र 34 CFR भाग 99 मा यसका कार्यान्वयनका नियमनहरूअन्तर्गत पाएका अधिकारहरूसहित यो जानकारीको सम्बन्धमा अभिभावक र बालबालिकाका सबै अधिकारहरूको विवरण।

कुनै पनि प्रमुख पहिचान, स्थान वा मूल्याङ्कन क्रियाकलाप ("बाल खोज" पनि भनिन्छ) भन्दा अगाडि, विशेष शिक्षा र सम्बन्धित सेवाहरूको आवश्यकतामा बालबालिकालाई खोज्न, पहिचान गर्न र मूल्याङ्कन गर्नका लागि राज्यभर क्रियाकलापको अवस्थाबारे अभिभावकलाई सूचित गर्ने पर्याप्त चक्रसँगै सूचना वा अन्य मिडियामा वा दुवैमा सूचना प्रकाशन वा घोषणा गर्नुपर्छ।

नियम 2365.2.1; 34 CFR §300.612

## पहुँच अधिकारहरू

तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले तपाईंलाई IDEA को भाग B र राज्यको विशेष शिक्षा नियमनहरूअन्तर्गत तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले सङ्कलन, कायम वा प्रयोग गरेको तपाईंको बच्चाको कुनै पनि शैक्षिक रेकर्डहरू निरीक्षण र समीक्षा गर्न अनुमति दिनुपर्छ। विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले अनावश्यक ढिलाइ नगरिकन र व्यक्तिपरक शिक्षा कार्यक्रम (IEP) को सम्बन्धमा कुनै पनि बैठकभन्दा अगाडि वा निष्पक्ष उचित प्रक्रिया सुनुवाई (अनुशासनसँग सम्बन्धित रिजोल्यूसन बैठक वा सुनुवाईसहित) र तपाईंले अनुरोध गर्नुभएको 45 पात्रो दिनभन्दा ढिला नगरी तपाईंको बच्चाका शैक्षिक रेकर्डहरूको अनुसन्धान र समीक्षा गर्ने तपाईंको अनुरोधको अनुपालना गर्नुपर्छ।

शैक्षिक रेकर्डहरू निरीक्षण र समीक्षा गर्ने तपाईंको अधिकारमा निम्न लिखित कुरा समावेश छन्:

1. रेकर्डहरूको व्याख्या र अनुवादहरूका लागि तपाईंका उचित अनुरोधहरूमा तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको प्रतिक्रियामा तपाईंको अधिकार;
2. तपाईंले ती प्रतिलिपिहरू प्राप्त नगर्दासम्म रेकर्डहरू प्रभावकारी रूपमा अनुसन्धान र समीक्षा गर्न सक्नुभएन भने, तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले रेकर्डहरूका प्रतिलिपिहरू उपलब्ध गराउन अनुरोध गर्ने तपाईंको अधिकार; र:
3. तपाईंको प्रतिनिधिलाई रेकर्डहरू निरीक्षण र समीक्षा गराउने तपाईंको अधिकार।

तपाईंसँग अभिभावकत्व, पृथकत्व र/वा सम्बन्ध विच्छेद जस्ता मामिलाहरू नियन्त्रण गर्ने लागूयोग्य राज्यको कानूनअन्तर्गत अधिकार छैन भनी सुझाव नदिँदासम्म विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले तपाईंसँग आफ्नो बच्चाको सम्बन्धमा रेकर्डहरू अनुसन्धान र समीक्षा गर्ने अधिकार छ भनी अनुमान लगाउन सक्छ।

नियम 2365.2.2; 34 CFR §300.613

## पहुँचको रेकर्ड

प्रत्येक विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले पक्षको नाम, पहुँच दिइएको मिति र पक्षलाई रेकर्डहरू प्रयोग गर्न अनुमति दिनुको उद्देश्यसहित IDEA को भाग B र राज्यको विशेष शिक्षा नियमनहरूअन्तर्गत सङ्कलन, कायम वा प्रयोग गरिएका शैक्षिक रेकर्डहरूमा पहुँच (अभिभावक र तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनका अधिकृत कर्मचारीहरूद्वारा गरिने पहुँच बाहेक) प्राप्त गर्ने पक्षहरूको रेकर्ड राख्नुपर्छ।

नियम 2365.2.3; 34 CFR §300.614

## एकभन्दा बढी बच्चाका रेकर्डहरू

कुनै पनि शैक्षिक रेकर्डमा एकभन्दा बढी बच्चाको जानकारी समावेश छ भने, ती बालबालिकाका अभिभावकसँग आफ्नो बच्चासँग सम्बन्धित जानकारी अनुसन्धान र समीक्षा गर्ने वा उक्त विशिष्ट जानकारीबारे जानकार रहने अधिकार हुन्छ।

नियम 2365.2.4 34; CFR §300.615

## जानकारीका प्रकार र स्थानहरूको सूची

अनुरोध गरिएमा, प्रत्येक विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले तपाईंलाई निकायद्वारा सङ्कलन, कायम वा प्रयोग गरिएका शैक्षिक रेकर्डहरूका प्रकार र स्थानहरूको सूची उपलब्ध गराउनुपर्छ।

नियम 2365.2.5 34; CFR §300.616

## शुल्कहरू

शुल्कले ती रेकर्डहरू अनुसन्धान र समीक्षा गर्ने तपाईंको अधिकार प्रयोग गर्नबाट प्रभावकारी रूपमा रोक्दैन भने, प्रत्येक विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले संघीय र राज्यको विशेष शिक्षा नियमनहरूअन्तर्गत तपाईंका लागि बनाइएका रेकर्डहरूको प्रतिलिपिका लागि शुल्क लगाउन सक्छ।

विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले यी प्रावधानहरूअन्तर्गत जानकारी खोज्न र पुनः प्राप्त गर्नका लागि कुनै शुल्क नलगाउन सक्छ।

नियम 2365.2.6 34; CFR §300.617

## अभिभावकहरूको अनुरोधमा रेकर्डहरूको संशोधन

तपाईंलाई IDEA को भाग B र राज्यको विशेष शिक्षा नियमनहरूअन्तर्गत सङ्कलन, कायम वा प्रयोग गरिएको आफ्नो बच्चासँग सम्बन्धित शैक्षिक रेकर्डहरूमा रहेको उक्त जानकारी गलत, भ्रामक छ वा आफ्नो बच्चाका गोपनीयता वा अन्य अधिकारहरूको उल्लङ्घन गर्छ भन्ने विश्वास लागेमा, तपाईं जानकारी कायम राख्ने विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनलाई जानकारी परिवर्तन गर्ने अनुरोध गर्न सक्नुहुन्छ।

विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले तपाईंको अनुरोध प्राप्तिको उचित समयावधिभित्र तपाईंको अनुरोधअनुसार उक्त जानकारी परिवर्तन गर्ने कि नगर्ने भन्ने कुराको निर्णय लिनुपर्छ।

विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले तपाईंको अनुरोधअनुसार जानकारी परिवर्तन गर्न अस्वीकार गर्छ भने, यसले तपाईंलाई अस्वीकरणको बारेमा जानकारी दिनुपर्छ र *सुनुवाईको अवसर* शीर्षकअन्तर्गत व्याख्या गरिएनुसार यो उद्देश्यका लागि सुनुवाईको अधिकारबारे तपाईंलाई सुझाव दिनुपर्छ।

नियम 2365.2.7 34; CFR §300.618

## सुनुवाईको अवसर

अनुरोध गरिएमा, विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले तपाईंको बच्चासँग सम्बन्धित शैक्षिक रेकर्डहरूमा रहेको जानकारी गलत, भ्रामक छैन वा अन्यथा तपाईंको बच्चाका गोपनीयता वा अन्य अधिकारहरूको उल्लङ्घन गर्दैन भनी सुनिश्चित गर्न तपाईंलाई चुनौती दिन सुनुवाईको अवसर उपलब्ध गराउनुपर्छ।

नियम 2365.2.8; 34 CFR §300.619

## सुनुवाई प्रक्रियाहरू

शैक्षिक रेकर्डहरूमा रहेको जानकारीको चुनौती दिने सुनुवाई पारिवारिक शैक्षिक अधिकार तथा गोपनीयता ऐन (FERPA) अन्तर्गत उक्त सुनुवाईहरूको कार्यविधिअनुसार सञ्चालन गरिनुपर्छ।

34 CFR §300.621

## सुनुवाईको नतिजा

सुनुवाईको परिणाम स्वरूप, विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले जानकारी गलत, भ्रामक वा बच्चाको गोपनीयता वा अन्य अधिकारहरू उल्लङ्घन गर्ने खालको छ भन्ने कुराको निर्णय गर्छ भने, यसले सूचनानुसार जानकारी परिवर्तन गरेर तपाईंलाई लिखित रूपमा जानकार गराउनुपर्छ।

सुनवाईको परिणाम स्वरूप, विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले सबै जानकारी गलत, भ्रामक वा अन्यथा गोपनीयता वा आफ्नो बच्चाको अन्य अधिकारहरू उल्लङ्घन गर्ने खालको छ भन्ने कुराको निर्णय गर्छ भने, यसले जानकारीका बारेमा टिप्पणी दिने वा तपाईं यसको निर्णयसँग असहमत हुनुको कुनै पनि कारण प्रदान गर्ने विवरण तपाईंको बच्चाको रेकर्डमा राख्न पाउने तपाईंको अधिकारको बारेमा तपाईंलाई जानकार गराउनुपर्छ।

तपाईंको बच्चाका रेकर्डहरूमा राखिएको उक्त वर्णन:

1. तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले रेकर्ड वा विवादित भाग कायम राख्दासम्म तपाईंको बच्चाका रेकर्डहरूको भागको रूपमा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले कायम राखेको हुनुपर्छ; र:
2. विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले कुनै पनि पक्षलाई तपाईंको बच्चाका रेकर्डहरू वा चुनौतीपूर्ण भाग खुलासा गर्छ भने, उक्त पक्षलाई व्याख्या पनि खुलासा गरिनुपर्छ।

नियम 2365.2.9; 34 CFR §300.620

### व्यक्तिगत रूपमा पहिचान गर्न मिल्ने जानकारीको खुलासाका लागि सहमति

पारिवारिक शैक्षिक अधिकार तथा गोपनीयता ऐन (FERPA) द्वारा आवश्यक नभएको अभिभावकीय सहमतिका लागि कानून प्रवर्तन र न्यायपालिका निकायहरूअनुसार खुलासा गर्ने अपवादको साथमा, सहभागी निकायका अधिकारीहरू बाहेक अन्य पक्षलाई व्यक्तिगत रूपमा पहिचान गर्न मिल्ने जानकारी खुलासा गर्नुअघि तपाईंको सहमति प्राप्त गर्नुपर्छ। तल उल्लिखित परिस्थितिहरूअन्तर्गत बाहेक, व्यक्तिगत रूपमा पहिचान गर्न मिल्ने जानकारी IDEA को भाग B र विशेष शिक्षा नियमनहरूको आवश्यकता पूरा गर्ने उद्देश्यहरूका लागि सहभागी निकायका अधिकारीहरूलाई खुलासा गर्नुअघि तपाईंको सहमति आवश्यक पर्दैन।

व्यक्तिगत रूपमा पहिचान गर्न मिल्ने जानकारी पारगमन सेवाहरू उपलब्ध गराउने वा त्यसको लागि भुक्तानी गर्ने सहभागी निकायका अधिकारीहरूलाई खुलासा गर्नुअघि तपाईंको सहमति वा राज्यको कानूनअन्तर्गत वयस्कताको उमेर पुगेको योग्य बच्चाको सहमति प्राप्त गरिएको हुनुपर्छ।

तपाईंको बच्चा निजी विद्यालयमा हुनुहुन्छ वा जाँदै हुनुहुन्छ जुन तपाईं बस्ने विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनमा छैन भने, निजी विद्यालय भएको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनका अधिकारी र तपाईं बस्ने विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनका अधिकारीहरूको बीचमा तपाईंको बच्चाको बारेमा कुनै पनि व्यक्तिगत रूपमा पहिचान गर्न मिल्ने जानकारी खुलासा हुनुअघि तपाईंको सहमति प्राप्त गर्नुपर्छ।

नियम 2365.2.11; 34 CFR §300.622

### सुरक्षा

प्रत्येक विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले सङ्कलन, भण्डारण, खुलासा र नष्ट गर्ने चरणहरूमा व्यक्तिगत रूपमा पहिचान गर्न मिल्ने जानकारीको गोपनीयता संरक्षण गर्नुपर्छ।

प्रत्येक विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको एकजना कर्मचारीले कुनै पनि व्यक्तिगत रूपमा पहिचान गर्न मिल्ने जानकारीको गोपनीयता सुनिश्चित गर्ने जिम्मेवारी लिनुपर्छ।

प्रत्येक विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनसँग व्यक्तिगत रूपमा पहिचान गर्न मिल्ने जानकारी सङ्कलन वा प्रयोग गर्ने सबै व्यक्तिहरूले IDEA को भाग B, नियम 2365.2.12 र पारिवारिक शैक्षिक अधिकार र गोपनीयता ऐन (FERPA) अन्तर्गत भर्मन्टका नीति र प्रक्रियाहरूसम्बन्धी तालिम र निर्देशन प्राप्त गर्छन् भन्ने कुरा सुनिश्चित गर्ने नीति वा प्रक्रियाहरू हुनुपर्छ।

प्रत्येक विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले सार्वजनिक निरीक्षणका लागि व्यक्तिगत रूपमा पहिचान गर्न मिल्ने जानकारीमा पहुँच भएका कर्मचारीहरूको नाम र पदको वर्तमान सूचीकरण कायम राख्नुपर्छ।

नियम 2365.2.12; 34 CFR §300.623

### जानकारीको विनाश

तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले सङ्कलन, कायम वा प्रयोग गरिएको व्यक्तिगत रूपमा पहिचान गर्न मिल्ने जानकारी अब उपरान्त तपाईंको बच्चालाई शैक्षिक सेवाहरू उपलब्ध गराउन आवश्यक नहुँदा तपाईंलाई सूचित गर्नुपर्छ।

जानकारी तपाईंको अनुरोधमा नष्ट गरिनुपर्छ। यद्यपि, तपाईंको बच्चाको नाम, ठेगाना र फोन नम्बर, उहाँको ग्रेड, हाजिरी रेकर्ड, उपस्थित कक्षाहरू, पास भएको ग्रेड स्तर र पास भएको सालको स्थायी रेकर्ड कुनै पनि समयसीमाविना राख्न सकिन्छ।

नियम 2365.2.13; 34 CFR §300.624

## भर्मन्टका उजुरी प्रक्रियाहरू

## निष्पक्ष उचित प्रक्रिया सुनुवाई र प्रशासकीय उजुरी प्रक्रियाहरूबीचको भिन्नता

IDEA को भाग B र भर्मन्टका विशेष शिक्षा नियमनहरूमा प्रशासकीय उजुरी र उचित प्रक्रियाका उजुरी र सुनुवाईहरूका लागि छुट्टै प्रक्रियाहरू निर्धारित गरिन्छ। तल व्याख्या गरिएनुसार, कुनै पनि व्यक्ति वा संस्थाले विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन, भर्मन्ट शिक्षा निकाय वा अन्य कुनै पनि सार्वजनिक निकायको कुनै पनि भाग B र भर्मन्टको विशेष शिक्षा नियमहरूको आवश्यकताको उल्लङ्घन गरेको आरोप लगाउने प्रशासकीय उजुरी दायर गर्न सक्छ। तपाईं वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले मात्र असक्षमता भएको बच्चाको पहिचान, मूल्याङ्कन वा शैक्षिक स्थान नियोजन वा बच्चाको लागि निःशुल्क उपयुक्त सार्वजनिक शिक्षा (FAPE) को प्रावधान सुरु वा परिवर्तन गर्ने प्रस्ताव वा अस्वीकारसँग सम्बन्धित कुनै पनि मामिलामा उचित प्रक्रियाको उजुरी दायर गर्न सक्छ। भर्मन्ट शिक्षा निकायको सचिवले समयावधि राम्रोसँग नबढाउँदासम्म 60-दिनको समयावधिभित्र सामान्यतया प्रशासकीय उजुरी समाधान गर्दा, निष्पक्ष उचित प्रक्रिया सुनुवाई अधिकारीले उचित प्रक्रियाको उजुरी सुन्नुपर्छ (रिजोल्यूसन बैठक वा मध्यस्थतामार्फत समाधान नगरिएमा) र सुनुवाई अधिकारीले तपाईंको वा तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको अनुरोधमा समयावधिको विशिष्ट एक्स्टेन्सन प्रदान नगर्दासम्म शीर्षकको समाधान प्रक्रियाअन्तर्गत यस कागजातमा व्याख्या गरिएनुसार समाधान अवधिको अन्तिम दिनपछि 45-पात्रो दिनभित्र लिखित निर्णय जारी गर्नुपर्छ। प्रशासकीय उजुरी र उचित प्रक्रियाको उजुरी, रिजोल्यूसन र सुनुवाई प्रक्रियाहरू पूर्ण रूपमा तल अझ बढी व्याख्या गरिएका छन्।

## प्रशासकीय उजुरी प्रक्रियाहरू

34 CFR §300.151

### सामान्य

भर्मन्ट शिक्षा निकायको सचिवसँग एउटा लिखित र हस्ताक्षर गरिएको प्रशासकीय उजुरी दायर गरिनुपर्छ र विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन वा बच्चालाई सेवा प्रदान गर्ने सार्वजनिक निकायलाई उक्त उजुरीको एउटा प्रतिलिपि पठाउनुपर्छ।

प्रशासकीय उजुरी प्राप्त गरेपछि, भर्मन्ट शिक्षा निकायले अनुसन्धान गर्नका लागि उजुरी अनुसन्धानकर्ता नियुक्त गर्ने छ। उजुरी अनुसन्धानकर्ताले उजुरीकर्ता र विद्यालय जिल्ला, सुपरिवेक्षण युनियन वा अन्य सार्वजनिक निकायको तर्फबाट प्रस्तुत गरिएको प्रमाण परीक्षण गर्नु हुने छ। उजुरी अनुसन्धानकर्ताको निर्णयमा, कागजातको समीक्षा, बैठक, सुनुवाई, अन-साइट अनुसन्धान वा कुनै पनि संयोजनको तरिकामा अनुसन्धान गर्न सकिन्छ।

उजुरी अनुसन्धानकर्ताले उजुरीकर्तालाई उजुरीमा उल्लिखित आरोपहरूसम्बन्धी मौखिक वा लिखित अतिरिक्त जानकारी पेश गर्ने अवसर दिनु हुने छ। उजुरी अनुसन्धानकर्ताले विद्यालय जिल्ला, सुपरिवेक्षण युनियन वा अन्य सार्वजनिक निकायलाई उजुरी समाधान गर्ने प्रस्ताव दिएर जवाफ दिने अवसर वा तपाईंको सहमति लिएर मध्यस्थता वा विवाद रिजोल्यूसनका वैकल्पिक माध्यमहरूमा संलग्न हुने अवसर पनि दिन सक्नुहुन्छ।

सुनुवाई निर्धारित गरिएमा, उजुरी अनुसन्धानकर्तासँग तल निर्धारण गरिएका पावर र अधिकारहरू हुने छ:

1. पूर्व-सुनुवाई सम्मेलनहरू आयोजना गर्ने;
2. आवश्यक पर्न सक्ने कुनै पनि सुनुवाई आयोजना गर्ने;
3. सुनुवाई निकायले लिएको निर्णयका लागि कानूनका तथ्य र निष्कर्षहरूको प्रस्तावित खोज तयार पार्ने; र:
4. राज्यको शिक्षा बोर्ड नियम 1236.1 मा निर्धारण गरिएको अन्य कुनै पनि पावर र कर्तव्य।

उजुरी प्राप्त गरेको 60 दिनभन्दा ढिला नगरिकन, भर्मन्ट शिक्षा सचिवले लिखित निर्णय जारी गर्नु हुने छ।

उजुरी अनुसन्धानले IDEA अन्तर्गत संघीय वा राज्य आवश्यकताको उल्लङ्घन भएको कुरा निर्धारण गर्दा, अनुसन्धानको रिपोर्टले बच्चाका आवश्यकताहरूका साथै अशक्तता भएका सबै बालबालिकाका लागि भावी सेवाहरूको उपयुक्त प्रावधानमा उपयुक्त सुधारात्मक कार्यहरूसहित कुनै पनि सेवाको अस्वीकृति लगायत उल्लङ्घन सुधार गर्ने तरिका सम्बोधन गर्ने छ।

### समय विस्तारहरू

निश्चित उजुरीअनुसार विशेष परिस्थितिहरू आएमा वा पक्षहरू मध्यस्थतामा सहभागी हुने समय लम्ब्याउन सहमत भएमा मात्र साठी पात्रो दिनको समय सीमा लम्ब्याउन सकिन्छ।

### प्रशासकीय उजुरी र निष्पक्ष उचित प्रक्रिया सुनुवाई

उचित प्रक्रियाको उजुरी दायर गर्ने शीर्षकअन्तर्गत तल व्याख्या गरिएअनुसार उचित प्रक्रियाको सुनुवाईको विषय पनि भएको एक लिखित उजुरी प्राप्त गरिन्छ वा प्रशासकीय उजुरीमा उक्त सुनुवाईको एक वा सोभन्दा बढी भाग भएका विविध समस्याहरू समावेश छन् भने, भर्मन्ट शिक्षा निकायले प्रशासकीय उजुरी वा सुनुवाई समाप्त नहुँदासम्म उचित प्रक्रियाको सुनुवाईमा सम्बोधन गरिरहेको प्रशासकीय उजुरीको कुनै पनि भाग छुट्याउनुपर्छ। उचित प्रक्रियाको सुनवाईको भाग नरहेको प्रशासकीय उजुरीको कुनै पनि समस्या माथि वर्णन गरिएका समयसीमा र प्रक्रियाहरू प्रयोग गरेर समाधान गर्नुपर्छ।

समान पक्षहरू समावेश भएको उचित प्रक्रियाको सुनुवाईमा अघिल्लो पटक निर्णय गरिएको उजुरीमा समस्या उठेमा, सुनुवाईसम्बन्धी निर्णय उक्त समस्यामा बाध्यकारी हुन्छ र भर्मन्ट शिक्षा निकायले निर्णय बाध्यकारी भएको कुरा उजुरीकर्तालाई सूचित गर्नुपर्छ।

विद्यालय जिल्ला वा अन्य सार्वजनिक निकायले उचित प्रक्रियाको सुनुवाईसम्बन्धी निर्णय कार्यान्वयन गर्न नसकेको आरोप लगाउने उजुरी भर्मन्ट शिक्षा निकायले समाधान गर्नुपर्छ।

## प्रशासकीय उजुरी दायर गर्ने

नियम 2365.1.5 34 CFR§300.153

### सामान्य

कुनै व्यक्ति वा संस्थाले माथि व्याख्या गरिएका प्रक्रियाहरूअन्तर्गत हस्ताक्षर गरिएको लिखित प्रशासकीय उजुरी दायर गर्न सक्छ।

प्रशासकीय उजुरीमा निम्न कुरा समावेश हुनुपर्छ:

1. विद्यालय जिल्ला, सुपरिवेक्षण युनियन वा अन्य सार्वजनिक निकायले IDEA को भाग B वा यसका नियमनहरूको आवश्यकता उल्लङ्घन गरेको कथन;
2. बयान आधारित भएको तथ्यहरू;
3. उजुरीकर्ताको हस्ताक्षर र सम्पर्क जानकारी; र विशिष्ट बच्चाको विरुद्धमा उल्लङ्घनहरू भएको आरोप लागेमा:
    a. बच्चाको नाम र निवास ठेगाना;
    b. बच्चा पढ्ने विद्यालयको नाम;
    c. घरवारविहीन बच्चा वा युवा/युवती भएमा (घरबारविहीन व्यक्तिहरूको सहायतासम्बन्धी McKinney-Vento ऐन (McKinney-Vento Homeless Assistance Act) (42 U.S.C. 11434a (2) को धारा 725(2) को अर्थमा), बच्चाको सम्पर्क जानकारी र बच्चा पढ्ने विद्यालयको नाम;
    d. समस्यासँग सम्बन्धित तथ्यहरूसहित बच्चाको समस्याको प्रकृतिको विवरण; र:
    e. उजुरी दायर गरिएको समयमा पक्षलाई थाहा भएको र उपलब्ध भएको हदसम्म समस्याको प्रस्तावित समाधान।

नियम 2365.1.6 अन्तर्गत समेटिएका उचित प्रक्रियाका उजुरीहरूका लागि बाहेक, *प्रशासकीय उजुरी प्रक्रियाहरू*को शीर्षकअन्तर्गत माथि उल्लेख गरिएनुसार उजुरी प्राप्त गरेको मितिभन्दा एक (1) वर्ष अगाडि भएको उल्लङ्घन उजुरीमा अभियोग लागेको हुनुपर्छ।

### भाग C का उजुरीहरू

IDEA को भाग C का प्रावधानहरूसम्बन्धी प्रशासकीय उजुरी पनि दायर गर्न सकिन्छ। भाग C उजुरीको अनुसन्धान मानव सेवा निकाय, बालबालिका तथा परिवार विभाग, बाल विकास विभागसँग समन्वय गरेर पूरा गरिने छ। बालबालिकाका एकीकृत सेवाहरू, बाल विकास विभाग, 280 State Drive, NOB 1 North, Waterbury, Vermont 05671-1040 मा लिखित उजुरी पठाउनुपर्छ।

## उचित प्रक्रियाको उजुरी प्रक्रियाहरू

## उचिय प्रक्रियाको उजुरी दायर गर्ने

34 CFR §300.507

### सामान्य

तपाईं वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले तपाईंको बच्चाको पहिचान, मूल्याङ्कन वा शैक्षिक स्थान नियोजन वा तपाईंको बच्चालाई निःशुल्क उपयुक्त सार्वजनिक शिक्षा (FAPE) को प्रावधान सुरु वा परिवर्तन गर्ने प्रस्ताव वा अस्वीकारसँग सम्बन्धित कुनै पनि मामिलामा उचित प्रक्रियाको उजुरी दायर गर्न सक्छ।

उचित प्रक्रियाको उजुरीमा उचित प्रक्रियाको उजुरीको आधार बनाउने आरोपित कारवाहीको बारेमा थाहा पाएको वा थाहा पाउनु पर्ने बढीमा दुई (2) वर्षभित्र भएको कुनै पनि उल्लङ्घनको आरोप लागेको हुनुपर्छ। यद्यपि, तपाईंले आफ्नो बच्चालाई एकतर्फी तरिकाले निजी विद्यालयमा भर्ना गर्नुभएको छ र प्रतिपूर्ति खोज्दै हुनुहुन्छ भने, स्थान नियोजन भएको नब्बे (90) दिनभित्र उचित प्रक्रियाको उजुरी दायर गरिएको हुनुपर्छ।

तपाईंले निम्न कारणले समयरेखाभित्र उचित प्रक्रियाको उजुरी दायर गर्न सक्नुभएन भने माथिको समयरेखा तपाईंलाई लागू हुँदैन:

1. तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले उजुरीमा पहिचान गरिएका समस्याहरू समाधान गरेको कुरा विशेषगरी गलत तरिकाले प्रस्तुत गरेको; वा:

2. तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले IDEA को भाग B र भर्मन्टका विशेष शिक्षा नियमहरूअन्तर्गत तपाईंलाई प्रदान गर्न आवश्यक जानकारी राखेको।

### अभिभावकका लागि जानकारी

तपाईंले जानकारी अनुरोध गरेमा वा तपाईं वा तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले उचित प्रक्रियाको उजुरी दायर गरेमा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले तपाईंलाई उक्त क्षेत्रमा उपलब्ध कुनै पनि निःशुल्क वा कम लागतको कानूनी र अन्य सान्दर्भिक सेवाहरूका बारेमा सूचित गर्नुपर्छ।

## उचित प्रक्रियाको उजुरी

नियम 2365.1.6; 34 CFR §300.508

### सामान्य

सुनुवाई राख्ने अनुरोध गर्नका लागि, तपाईं वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन (वा तपाईंको अधिवक्ता वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको अधिवक्ता) ले अन्य पक्षलाई उचित प्रक्रियाको उजुरी पेश गर्नुपर्छ। त्यस उजुरीमा तल सूचीबद्ध गरिएका सबै सामग्री हुनुपर्छ र गोपनीय राख्नुपर्छ।

तपाईं वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनमध्ये जसले उजुरी दायर गर्छ त्यसले भर्मन्ट शिक्षा निकायलाई सचिवले प्रदान गरेको फाराम प्रयोग गरेर उजुरीको एउटा प्रतिलिपि पनि प्रदान गर्नुपर्छ।

### उजुरीको सामग्री

उचित प्रक्रियाको उजुरीमा निम्न कुरा समावेश हुनुपर्छ:

1. बच्चाको नाम;
2. बच्चाको निवास ठेगाना;
3. बच्चाको विद्यालयको नाम;
4. यदि उक्त बच्चा घरबारविहीन बच्चा वा युवा भएमा, बच्चाको सम्पर्क जानकारी र बच्चाको विद्यालयको नाम;
5. समस्यासँग सम्बन्धित तथ्यहरूसहित प्रस्तावित वा अस्वीकृत कार्यवाहीसँग सम्बन्धित बच्चाको समस्याको प्रकृतिको व्याख्या; र:
6. तपाईं वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनलाई उक्त समयमा थाहा भएको र उपलब्ध भएको हदसम्म उक्त समस्याको प्रस्तावित समाधान।

### उचित प्रक्रियाको उजुरीमा सुनुवाईअघि आवश्यक पर्ने सूचना

तपाईं वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन (वा तपाईंको अधिवक्ता वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको अधिवक्ता) ले माथि सूचीबद्ध गरिएको जानकारी भएको उचित प्रक्रियाको उजुरी दायर नगर्दासम्म तपाईं वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले निष्पक्ष उचित प्रक्रिया सुनुवाई राख्न सक्दैनन्।

### पर्याप्त उजुरी

उचित प्रक्रियाको उजुरी अगाडि बढाउनका लागि, यसलाई पर्याप्त मान्नुपर्छ। उचित प्रक्रियाको उजुरी प्राप्त गर्ने पक्ष (तपाईं वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन) ले उचित प्रक्रियाको उजुरीले माथि सूचीबद्ध गरिएका आवश्यकताहरू पूरा गर्दैन भन्ने कुरा प्रापक पक्षले विश्वास गरेको उजुरी

प्राप्त भएको 15 दिनभित्र सुनुवाई अधिकारी र अन्य पक्षलाई लिखित रूपमा सूचित नगराउँदासम्म उचित प्रक्रियाको उजुरी पर्याप्त (माथिका सामग्री आवश्यकताहरू पूरा भएको) मानिने छ।

प्रापक पक्ष (तपाईं वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन) ले उचित प्रक्रियाको उजुरी अपर्याप्त मानेको सूचना प्राप्त गरेको पाँच पात्रो दिनभित्र, सुनुवाई अधिकारीले उचित प्रक्रियाको उजुरीमा माथि सूचीबद्ध गरिएका आवश्यकताहरू पूरा भएको छ कि छैन भन्ने कुरा निर्णय गर्नुपर्छ र तपाईं र तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनलाई तुरुन्तै लिखित रूपमा सूचित गर्नुपर्छ।

### उजुरी संशोधन

तपाईं वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले निम्न कुरा भएमा मात्र उजुरीमा परिवर्तनहरू गर्न सक्छ:

1. अन्य पक्षले लिखित रूपमा परिवर्तनहरू स्वीकृत गरेमा र समाधान बैठकमार्फत उचित प्रक्रियाको उजुरी समाधान गर्ने अवसर तल वर्णन गरिएअनुसार दिइएमा; वा
2. निष्पक्ष उचित प्रक्रिया सुनुवाई सुरु हुनुभन्दा पाँच दिनअघि, सुनुवाई अधिकारीले परिवर्तनहरू गर्ने अनुमति दिएमा।

उजुरी गर्ने पक्ष (तपाईं वा तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन) ले उचित प्रक्रियाको उजुरीमा परिवर्तनहरू गरेमा, समाधान बैठकको समयसीमा (उजुरी प्राप्त गरेको 15 पात्रो दिनभित्र) र समाधानको समयावधि (अनुरोध प्राप्त गरेको 30 पात्रो दिनभित्र) फेरि संशोधित अनुरोध दायर गरेको मितिमा सुरु हुन्छ।

### उचित प्रक्रियाको उजुरीप्रति विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको प्रतिक्रिया

विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले तपाईंको उचित प्रक्रियाको उजुरीमा समावेश भएको विषयसम्बन्धी पूर्व लिखित सूचना शीर्षकअन्तर्गत व्याख्या गरिएनुसार तपाईंलाई पूर्व लिखित सूचना नपठाएमा, विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले उचित प्रक्रियाको उजुरी प्राप्त गरेको 10 पात्रो दिनभित्र तपाईंलाई निम्न कुरा समावेश भएको प्रतिक्रिया पठाउनुपर्छ:

1. विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले उचित प्रक्रियाको उजुरीमा उठेको कार्यवाही लिन प्रस्ताव वा अस्वीकार गर्नुको कारणका बारेमा व्याख्या;
2. तपाईंको बच्चाको व्यक्तिकृत शिक्षा कार्यक्रम (IEP) टोलीले विचार गरेका अन्य विकल्पहरू र ती विकल्पहरू अस्वीकार गर्नुका कारणहरूको विवरण;
3. विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले प्रस्तावित वा अस्वीकृत कार्यको आधारका रूपमा प्रयोग गरेको प्रत्येक मूल्याङ्कन प्रक्रिया, मूल्याङ्कन, रेकर्ड वा रिपोर्टको विवरण; र:
4. विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको प्रस्तावित वा अस्वीकृत कार्यसँग सम्बन्धित अन्य कारकहरूको विवरण।

माथि उल्लेखित 1-4 वस्तुहरूमा जानकारी प्रदान गर्नाले विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनलाई तपाईंको उचित प्रक्रियाको उजुरी अपर्याप्त थियो भन्ने कुरा निश्चित गर्नबाट रोक्दैन।

### उचित प्रक्रियाको उजुरीप्रति अन्य पक्षको प्रतिक्रिया

माथि रहेको उप-शीर्षक, *उचित प्रक्रियाको उजुरीप्रति विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको प्रतिक्रिया* अन्तर्गत उल्लेख गरिएको अवस्थाबाहेक, उचित प्रक्रियाको उजुरी प्राप्त गर्ने पक्षले उजुरी प्राप्त गरेको 10 पात्रो दिनभित्र अन्य पक्षलाई विशेषगरी उजुरीमा उल्लिखित समस्याहरू सम्बोधन गर्ने गरी प्रतिक्रिया पठाउनुपर्छ।

## मोडेल फारामहरू

भर्मन्ट शिक्षा निकायसँग तपाईंलाई उचित प्रक्रियाको उजुरी र प्रशासकीय उजुरी दायर गर्न मद्दत गर्ने मोडेल फारामहरू छन्। यद्यपि, तपाईंको राज्य वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले तपाईंलाई यी मोडेल फारामहरू प्रयोग गर्न आग्रह नगर्न सक्छ। वास्तवमा, यसमा उचित

प्रक्रियाको उजुरी वा प्रशासकीय उजुरी दायर गर्नका लागि आवश्यक जानकारी भएसम्म तपाईंले यो फाराम वा अर्को उपयुक्त मोडेल फाराम प्रयोग गर्न सक्नुहुन्छ।

- उचित प्रक्रियाको उजुरी: अभिभावकका लागि
- उचित प्रक्रियाको उजुरी: विद्यालय जिल्लाका लागि
- प्रशासकीय उजुरी फाराम

34 CFR §300.509

## मध्यस्थता

नियम 2365.1.4; 34 CFR §300.506

### सामान्य

विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले उचित प्रक्रियाको उजुरी दायर गर्नुअघि उत्पन्न भएका मामिलाहरू लगायत IDEA को भाग B अन्तर्गत कुनै पनि मामिला समावेश हुने असहमतिहरू समाधान गर्न तपाईं र विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनका लागि मध्यस्थता उपलब्ध गराउनुपर्छ। तसर्थ, तपाईंले उचित प्रक्रियाको उजुरी दायर गर्ने शीर्षकअन्तर्गत व्याख्या गरिएनुसार निष्पक्ष उचित प्रक्रिया सुनुवाई अनुरोध गर्न उचित प्रक्रियाको उजुरी दायर गरे वा नगरे तापनि IDEA को भाग B अन्तर्गत विवादहरू समाधान गर्नका लागि मध्यस्थता उपलब्ध हुन्छ।

### आवश्यकताहरू

प्रक्रियाहरूले मध्यस्थता प्रक्रियाका बारेमा निम्न कुरा सुनिश्चित गर्नुपर्छ:

1. तपाईंको भाग र तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको भागमा स्वैच्छिक छ;
2. उचित प्रक्रिया सुनवाईमा तपाईंको अधिकार अस्वीकृत वा ढिलाइ गर्न वा IDEA र भर्मन्टका विशेष शिक्षा नियमहरूअन्तर्गत तपाईंसँग भएको अन्य कुनै पनि अधिकार अस्वीकार गर्न प्रयोग गरिँदैन; र:
3. प्रभावकारी मध्यस्थता प्रविधिहरूमा प्रशिक्षित योग्य र निष्पक्ष मध्यस्थताकर्ताद्वारा सञ्चालन गरिन्छ।

भर्मन्ट शिक्षा निकायसँग योग्य र निष्पक्ष मध्यस्थताकर्ता रहेका मानिसहरूको सूची छ र विशेष शिक्षा र सम्बन्धित सेवाहरूको प्रावधानसम्बन्धी नियम र नियमनहरू थाहा छ।

भर्मन्ट शिक्षा विभाग बैठकहरूको खर्चसहित मध्यस्थता प्रक्रियाको खर्चका लागि जिम्मेवार हुन्छ।

मध्यस्थता प्रक्रियाको हरेक बैठक समयोचित तरिकामा निर्धारण गर्नुपर्छ र तपाईं र विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनलाई सहज लाग्ने स्थानमा आयोजना गर्नुपर्छ।

तपाईं र विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले मध्यस्थता प्रक्रियामार्फत विवाद समाधान गरेमा, दुवै पक्षहरू समाधान उल्लेख गर्ने र निम्न कार्य गर्ने कानूनी रूपमा बाध्यकारी सम्झौतामा प्रवेश गर्नुपर्छ:

1. मध्यस्थता प्रक्रियाको अवधिमा भएका सबै छलफल गोपनीय हुने छन् र कुनै पनि अनुवर्ती निष्पक्ष उचित प्रक्रिया सुनुवाई वा नागरिक प्रक्रियामा प्रमाणको रूपमा प्रयोग गर्न सकिँदैन भनी उल्लेख गर्ने; र:
2. तपाईं र विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनलाई बाध्ने अधिकार भएको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको प्रतिनिधि दुवैले हस्ताक्षर गरिएको।

लिखित, हस्ताक्षर भएको मध्यस्थता सम्झौता योग्य निर्णयाधिकारका लागि कुनै पनि राज्य अदालतमा (यस्तो खालका मुद्दा हेर्नका लागि राज्य कानूनअन्तर्गत अधिकार प्राप्त अदालत) वा संयुक्त राज्य अमेरिकाको जिल्ला अदालतमा अनिवार्य छ।

मध्यस्थता प्रक्रियाको अवधिमा भएका छलफल गोपनीय हुनुपर्छ। तिनीहरू IDEA को भाग B र भर्मन्टका विशेष शिक्षा नियमहरूअन्तर्गत भविष्यमा कुनै पनि निष्पक्ष उचित प्रक्रिया सुनुवाई वा कुनै पनि संघीय अदालत वा राज्य अदालतको नागरिक प्रयोजनमा प्रमाणका रूपमा प्रयोग गर्न सकिँदैन।

मध्यस्थताका लिखित अनुरोधहरू [मध्यस्थता फारामका लागि विवाद समाधान अनुरोध] प्रयोग गरेर भर्मन्ट शिक्षा निकाय, विशेष शिक्षा मध्यस्थता सेवा, 1 National Life Drive, Davis 5, Montpelier, VT 05620-2501 मा पेश गर्नु पर्ने हुन्छ।

उक्त अनुरोध प्राप्त गरेपछि, निकायको कर्मचारीले तपाईंलाई विशेष शिक्षा सूचनामा भएको अभिभावकहरूको अधिकार पठाउनु हुने छ र मध्यस्थतामा रहेका सबै पक्षलाई यसका मध्यस्थता प्रक्रियाहरू पठाउनु हुने छ। मध्यस्थ गर्ने सम्झौता भर्मन्ट शिक्षाको सचिवले स्वीकार गरेको र सबै पक्षहरूले हस्ताक्षर गरेको फाराममा लिखित रूपमा हुनुपर्छ। यदि विशेष परिस्थितिहरू जस्तै लिखित रूपमा कुराकानी गर्ने असक्षमताका कारण लिखित रूपमा अनुरोध गर्न नसकिएमा, अन्य सञ्चार माध्यममार्फत अनुरोध गर्न सकिन्छ।

### मध्यस्थकर्ताको निष्पक्षता

मध्यस्थकर्ता:

1. शिक्षा वा तपाईंको बच्चाको स्याहारमा समावेश भएको भर्मन्ट शिक्षा निकाय वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको कर्मचारी हुन सक्दैन; र:
2. मध्यस्थकर्ताको निष्पक्षतासँग मतभिन्नता हुने व्यक्तिगत वा पेशागत हित हुनुहुँदैन।

मध्यस्थकर्ताको रूपमा योग्य व्यक्ति एकल रूपमा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन वा भर्मन्ट शिक्षा निकायको कर्मचारी होइन किनभने उहाँलाई मध्यस्थकर्ताको रूपमा सेवा प्रदान गर्नका लागि निकाय वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले भुक्तान गर्छ।

## उचित प्रक्रियाको उजुरी र सुनुवाई विचाराधिन हुँदा बच्चाको स्थान नियोजन

तल *असक्षमता भएका बालबालिकालाई अनुशासनमा राख्ने प्रक्रियाहरू* शीर्षकअन्तर्गत उपलब्ध गराउँदा बाहेक, समाधान प्रक्रियाको समयावधिमा र तपाईं र विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन अन्यथा सहमत नहुँदासम्म कुनै पनि निष्पक्ष उचित प्रक्रिया सुनुवाई वा अदालती प्रक्रियाको निर्णयको प्रतीक्षा गर्ने समयमा अन्य पक्षलाई उचित प्रक्रियाको उजुरी पठाइसकेपछि, तपाईंको बच्चा आफ्नो हालको शैक्षिक स्थान नियोजनमा रहनुपर्छ।

उचित प्रक्रियाको उजुरीमा सार्वजनिक विद्यालयमा प्रारम्भिक भर्नाका लागि आवेदन दिने प्रक्रिया समावेश भएमा, उक्त सबै प्रक्रिया पूरा नहुँदासम्म तपाईंको बच्चालाई तपाईंको सहमतिमा नियमित सार्वजनिक विद्यालयको कार्यक्रममा राखिएको हुनुपर्छ।

उचित प्रक्रियाको सुनुवाईमा सुनुवाई अधिकारीको निर्णय स्थान नियोजन परिवर्तन गर्ने कुरा उपयुक्त छ भन्ने बच्चाको अभिभावकको निर्णयसँग मिलेमा, उक्त स्थान नियोजन विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन र तपाईंबीच भएको सम्झौताको रूपमा मानिने छ।

उचित प्रक्रियाको उजुरीमा IDEA को भाग C बाट IDEA को भाग B अन्तर्गत सेवा नपाई पारगमन हुन लागेको र बच्चा तीन वर्षको उमेर पुगेको कारण भाग C का सेवाहरूका लागि अब उपरान्त योग्य नभएको बच्चाका लागि IDEA को भाग B अन्तर्गत प्रारम्भिक सेवाहरूका लागि आवेदन दिने प्रक्रिया समावेश भएमा, विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले बच्चाले प्राप्त गरिरहेको भाग C का सेवाहरू उपलब्ध गराउनुपर्दैन। तपाईंको बच्चालाई IDEA को भाग B र भर्मन्टका विशेष शिक्षा नियमहरूअन्तर्गत योग्य फेला पारिन्छ र तपाईंले पहिलो पटक आफ्नो बच्चाले विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू प्राप्त गर्ने कुरामा सहमति जनाउनुहुन्छ, त्यसपछि प्रक्रियाहरूको परिणाम विचाराधीन हुन्छ भने, विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले विवादमा नरहेका विशेष शिक्षा र सम्बन्धित सेवाहरू (जसमा तपाईं र तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन दुवै सहमत हुनुहुन्छ) उपलब्ध गराउनुपर्छ।

नियम 2365.1.11; 34 CFR §300.518

## समाधान प्रक्रिया

नियम 2365.1.6.8; 34 CFR §300.510

### समाधान बैठक

तपाईंको उचित प्रक्रियाको उजुरीको सूचना प्राप्त भएको 15 पात्रो दिनभित्र र निष्पक्ष उचित प्रक्रिया सुनुवाई सुरु हुनुअघि, विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले तपाईं र सम्बन्धित सदस्य वा तपाईंको उचित प्रक्रियाको उजुरीमा पहिचान गरिएका तथ्यहरूको विशिष्ट ज्ञान भएका व्यक्तिकृत शिक्षा कार्यक्रम (IEP) टोलीका सदस्यहरूसँग बैठक आयोजना गर्नुपर्छ। बैठकमा:

1. विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको तर्फबाट निर्णय लिने अधिकार भएको तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको प्रतिनिधि हुनुपर्छ; र:
2. तपाईंलाई अधिवक्ताको साथ नहुँदासम्म विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको अधिवक्ता समावेश हुनुहुँदैन।

तपाईं र विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले IEP टोलीका सान्दर्भिक सदस्यलाई बैठकमा आउन निर्धारण गर्नुपर्छ।

बैठकको उद्देश्य भनेको तपाईंका लागि आफ्नो उचित प्रक्रियाको उजुरी र उजुरीको आधार बनाउने तथ्यहरूका बारेमा छलफल गर्नु हो जसकारण विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनसँग विवाद समाधान गर्ने अवसर हुन्छ।

निम्न अवस्थामा समाधान बैठक आवश्यक पर्दैन:

1. तपाईं र तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन बैठक नराख्ने कुरासँग लिखित रूपमा सहमत भएमा; वा:
2. तपाईं र विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन *मध्यस्थता* शीर्षकअन्तर्गत व्याख्या गरिएनुसार मध्यस्थता प्रक्रिया प्रयोग गर्ने कुरासँग सहमत भएमा।

### समाधानको अवधि

विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले उचित प्रक्रियाको उजुरी प्राप्त गरेको 30 पात्रो दिनभित्र (समाधान प्रक्रियाको समयावधिमा) तपाईंलाई चित्त बुझ्नेगरी उक्त उजुरी समाधान नगरेमा, निष्पक्ष उचित प्रक्रिया सुनुवाई हुन सक्छ।

उचित प्रक्रियाको अन्तिम निर्णय जारी गर्नका लागि 45 पात्रो दिनको समयरेखा 30 पात्रो दिनको समाधान अवधिको म्याद समाप्तिमा सुरु हुन्छ जसमा तल व्याख्या गरिएनुसार 30 पात्रो दिनको समाधान अवधिमा गरिएका समायोजनहरूका लागि निश्चित छुटहरू हुन्छन्।

तपाईं र विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन दुवैले समाधान प्रक्रिया त्याग्न वा मध्यस्थता प्रयोग गर्न सहमति जनाउनुभएको अवस्थामाबाहेक, तपाईं समाधान बैठकमा सहभागिता जनाउन सहमत नहुँदासम्म तपाईं बैठकमा सहभागी हुन असफल हुनुभयो भने समाधान प्रक्रिया र उचित प्रक्रियाको सुनुवाईका समयरेखाहरू विलम्ब हुने छ।

उचित प्रयासहरू गरिसकेपछि र त्यस्ता प्रयत्नहरू कागजातमा लेखिसकेपछि, विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन समाधान बैठकमा तपाईंको सहभागिता प्राप्त गर्न असक्षम हुन्छ भने विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले 30 पात्रो दिनको समाधान अवधिको अन्त्यमा सुनुवाई अधिकारीलाई तपाईंको उचित प्रक्रियाको उजुरी रद्द गर्न अनुरोध गर्न सक्छ। त्यस्ता प्रयत्नहरूको कागजातमा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको निम्न लिखित जस्ता समय र स्थानमा आपसी सहमति गर्ने प्रयास गरेको रेकर्ड समावेश हुनुपर्छः

1. टेलिफोन कल गरेको वा गर्न खोजेको विस्तृत रेकर्डहरू; तपाईंलाई पठाइएको पत्राचार र कुनै पनि प्राप्त भएको जवाफका प्रतिलिपिहरू; र:
2. तपाईंको घर वा रोजगारीको स्थानमा भेट र उक्त भेटको परिणामका विस्तृत रेकर्डहरू।

विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले तपाईंको उचित प्रक्रियाको उजुरीका बारेमा सूचना प्राप्त गरेको 15 दिनभित्र समाधान बैठक सञ्चालन गर्न नसकेमा वा समाधान बैठकमा सहभागी नभएमा, तपाईंले सुनुवाई अधिकारीलाई 45 दिने सुनुवाई प्रक्रिया समयावधि सुरु गर्न अनुरोध गर्न सक्नु हुने छ।

### 30 दिने समाधान अवधिका समायोजनहरू

तपाईं र विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन समाधान बैठक नगर्ने लिखित रूपमा सहमत भएमा, उचित प्रक्रियाको सुनुवाईको 45 दिने समयसीमा अर्को दिनदेखि सुरु हुन्छ।

मध्यस्थता वा समाधान बैठक सुरु भएपछि र 30 दिने समाधान अवधि समाप्त हुनुअघि, तपाईं र विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन कुनै पनि सम्झौता सम्भव नभएको कुरासँग लिखित रूपमा सहमत भएमा, उचित प्रक्रियाको सुनुवाईको 45 दिने समयसीमा अर्को दिनदेखि सुरु हुन्छ।

तपाईं र विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन मध्यस्थता प्रक्रिया प्रयोग गर्ने कुरासँग सहमत भएमा, 30 पात्रो दिन समाधान अवधिको अन्तिममा, सम्झौतामा नपुग्दासम्म मध्यस्थता जारी राख्न दुवै पक्षहरू लिखित रूपमा सहमत हुन सक्छन्। यद्यपि, तपाईं वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनमध्ये कसैले मध्यस्थता प्रक्रिया रद्द गरेमा, उचित प्रक्रियाको सुनुवाईको 45 पात्रो दिने समयसीमा अर्को दिनदेखि सुरु हुन्छ।

### लिखित समाधान सम्झौता

समाधान बैठकमा विवादको समाधान निस्किएमा, तपाईं र विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन निम्न अनुसारको कानूनी रूपमा बाध्यकारी हुने सम्झौतामा प्रविष्ट गर्नुपर्छ:

1. तपाईं र तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनलाई बाँध्ने अधिकार भएको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको प्रतिनिधि दुवैले हस्ताक्षर गरेको; र:
2. सक्षम क्षेत्राधिकारको कुनै पनि राज्य अदालत (यस्तो खालको मुद्दा हेर्ने अधिकार भएको राज्य अदालत) वा संयुक्त राज्यको जिल्ला अदालतमा लागूयोग्य भएको।

### सम्झौताको समीक्षा अवधि

तपाईं र विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन समाधान बैठकको परिणाम स्वरूप सम्झौतामा प्रवेश हुनुभयो भने, (तपाईं र विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन) दुवै पक्षले सम्झौतामा हस्ताक्षर गरेको समयदेखि तीन व्यवसाय दिनभित्र उक्त सम्झौतालाई अमान्य ठहराउन सक्छन्।

## उचिय प्रक्रियाको उजुरीमा भएका सुनुवाईहरू

### निष्पक्ष उचित प्रक्रिया सुनुवाई

उचित प्रक्रियाको उजुरी दायर हुँदा, तपाईं वा विवादमा संलग्न विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनसँग *उचित प्रक्रियाको उजुरी र समाधान प्रक्रिया* खण्डहरूमा व्याख्या गरिएनुसार निष्पक्ष उचित प्रक्रिया सुनुवाई राख्ने अवसर हुनुपर्छ। भर्मन्ट शिक्षा निकाय निष्पक्ष उचित प्रक्रिया सुनुवाई राख्न जिम्मेवार छ।

34 CFR §300.511

### निष्पक्ष सुनुवाई अधिकारी

न्यूनतममा, सुनुवाई अधिकारी:

1. शिक्षा वा तपाईंको बच्चाको स्याहारमा सिधै समावेश भएको भर्मन्ट शिक्षा निकाय वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको कर्मचारी हुनु हुँदैन; र: यद्यपि, सामान्यतया व्यक्तिलाई मात्र निकायको कर्मचारी मानिँदैन किनभने उहाँलाई सुनुवाई अधिकारीको रूपमा सेवा प्रदान गर्नका लागि निकायद्वारा भुक्तान गरिन्छ;
2. सुनुवाईमा सुनुवाई अधिकारीको निष्पक्षतासँग द्वन्द्व हुनेगरी व्यक्तिगत वा पेशागत रूचि राख्नुहुँदैन;
3. इजाजतप्राप्त अधिवक्ता हुनुपर्छ;

4. IDEA का प्रावधान र IDEA सँग सम्बन्धित संघीय तथा राज्यका नियमनहरू र संघीय तथा राज्य अदालतहरूद्वारा IDEA का कानूनी व्याख्याहरूबारे सुशिक्षित र बुझाइ हुनुपर्छ; र:
5. सुनुवाईहरू आयोजित गर्ने र उपयुक्त, मानक कानूनी अभ्याससँग सम्बन्धित निर्णयहरू गर्ने तथा लेख्ने ज्ञान र क्षमता भएको हुनुपर्छ।

भर्मन्ट शिक्षा निकायले सुनुवाई अधिकारीहरूको रूपमा काम गर्ने व्यक्तिहरूको सूची राख्ने छ जसमा प्रत्येक सुनुवाई अधिकारीका योग्यताहरूको कथन समावेश हुन्छ।

नियम 2365.1.7

### उचित प्रक्रियाको सुनुवाईको विषयवस्तु

निष्पक्ष उचित प्रक्रिया सुनुवाई अनुरोध गर्ने पक्ष (तपाईं वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन) ले अन्य पक्षले सहमति जनाउँदा बाहेक उचित प्रक्रियाको उजुरीमा सम्बोधन नगरिएका समस्याहरू उचित प्रक्रियाको सुनुवाईमा उठाउन सक्दैनन्।

### सुनुवाई अनुरोध गर्ने समयरेखा

तपाईं वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले उजुरीमा सम्बोधन गरिएको समस्याका बारेमा थाहा पाएको वा थाहा पाउनु पर्ने मितिबाट दुई (2) वर्षभित्र उचित प्रक्रियाको उजुरीमा निष्पक्ष सुनुवाई राख्न अनुरोध गर्नुपर्छ। तपाईं एकपक्षीय विशिष्ट शैक्षिक स्थान नियोजनका लागतहरूको प्रतिपूर्ति खोज्दै हुनुहुन्छ भने, तपाईंले एकपक्षीय स्थान नियोजनको नब्बे (90) दिनभित्र आफ्नो उचित प्रक्रियाको उजुरी दायर गर्नुपर्छ।

### समयरेखाका अपवादहरू

तपाईंले निम्न कारणले उचित प्रक्रियाको उजुरी दायर गर्न सक्नुभएन भने माथिको समयरेखा तपाईंलाई लागू हुँदैन:

1. विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले तपाईंको उजुरीमा तपाईंले उठाउनुभएको समस्या समाधान गरेको कुरा विशेषगरी गलत तरिकाले प्रस्तुत गरेको; वा:
2. विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले IDEA को भाग B र भर्मन्टका विशेष शिक्षा नियमहरूअन्तर्गत तपाईंलाई प्रदान गर्न आवश्यक जानकारी राखेको।

## सुनुवाईका अधिकारहरू

नियम 2365.1.6.15; 34 CFR §300.512

### सामान्य

निष्पक्ष उचित प्रक्रिया सुनुवाई (अनुशासनात्मक कार्यविधिहरूसँग सम्बन्धित सुनुवाईसहित) मा कुनै पनि पक्षसँग निम्न अधिकार हुन्छः

1. अपाङ्गता भएका बालबालिकाका समस्याहरूसँग सम्बन्धित विशेष ज्ञान वा प्रशिक्षण प्राप्त वकील र/वा व्यक्तिहरूको सहायता र सुझाव-सल्लाह प्राप्त गर्ने;
2. प्रमाण प्रस्तुत गर्ने र क्रस परीक्षण गराउने र साक्षीहरूलाई उपस्थित हुन आग्रह गर्ने; सुनुवाईभन्दा कम्तीमा पाँच व्यावसायिक दिनअघि उक्त पक्षलाई खुलासा नगरेको कुनै पनि प्रमाणको परिचय दिन निषेध गर्ने;
3. सुनुवाईको लिखित वा तपाईंको विकल्पमा विद्युतीय, शब्द-शब्दमा रेकर्ड प्राप्त गर्ने; र:
4. लिखित वा तपाईंको विकल्पमा तथ्य र निर्णयहरूको विद्युतीय परिणामहरू प्राप्त गर्ने।

### जानकारीको अतिरिक्त खुलासा

उचित प्रक्रियाको सुनुवाईको कम्तीमा पाँच व्यावसायिक दिनअघि तपाईं र विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले उक्त मितिसम्म पूरा गरिएका सबै मूल्याङ्कन र तपाईं वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले सुनुवाईमा प्रयोग गर्न चाहेका ती मूल्याङ्कनहरूमा आधारित सिफारिसहरू एक अर्कालाई खुलासा गर्नुपर्छ।

सुनुवाई अधिकारीले सुनुवाईमा सम्बन्धित मूल्याङ्कन वा सिफारिस अर्को पक्षको सहमतिविना सुरु गर्दा उक्त आवश्यकता पूरा गर्न नसकेमा उक्त पक्षलाई रोक्न सक्नुहुन्छ।

### सुनुवाईहरूमा अभिभावकीय अधिकारीहरू

सुनुवाईहरूमा संलग्न अभिभावकहरूसँग निम्न अधिकार हुन्छ:

1. आफ्नो बच्चालाई उपस्थित गराउने;
2. सर्वसाधारणलाई सुनुवाई खुला गर्ने; र:
3. अभिभावकलाई सुनवाईको रेकर्ड, तथ्य र निर्णयका परिणामहरू नि:शुल्क रूपमा उपलब्ध गर्न लगाउने।

## सुनुवाईका निर्णयहरू

### सुनुवाई अधिकारीको निर्णय

तपाईंको बच्चाले नि:शुल्क उपयुक्त सार्वजनिक शिक्षा (FAPE) प्राप्त गर्ने कि नगर्ने भन्ने सुनुवाई अधिकारीको निर्णय

सान्दर्भिक आधारहरूमा आधारित हुनुपर्छ।

प्रक्रियात्मक उल्लङ्घनको अभियोग लागेका अवस्थाहरूमा, सुनुवाई अधिकारीले तपाईंको बच्चाले FAPE प्राप्त नगरेको कुरा फेला पार्न सक्नुहुन्छ, यदि प्रक्रियात्मक अपर्याप्तताले:

1. तपाईंको बच्चाको नि:शुल्क उपयुक्त सार्वजनिक शिक्षा (FAPE) अधिकारमा हस्तक्षेप गरेमा;
2. तपाईंको बच्चाको नि:शुल्क उपयुक्त सार्वजनिक शिक्षा (FAPE) को प्रावधानसँग सम्बन्धित तपाईंको निर्णय गर्ने प्रक्रियामा सहभागी हुने अवसरमा महत्त्वपूर्ण रूपबाट हस्तक्षेप गरेमा; वा:
3. शैक्षिक सुविधाको वञ्चितिकरणको अवस्था सिर्जना गरेमा।

नियम 2365.1.6.16(c); 34 CFR §300.513

### विधानसम्बन्धी धारा

माथि व्याख्या गरिएका कुनै पनि प्रावधान विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनलाई भर्मन्ट राज्यको नियम 2365.1 देखि 2365.2.15 सम्म र 4313.1 देखि 4313.7 सम्म र IDEA को भाग B (34 CFR §§300.500 देखि 300.536 सम्म) अन्तर्गत संघीय नियमनहरूको प्रक्रियागत सुरक्षा खण्डसँग अनुपालन गर्न आदेश दिनबाट रोक्नका लागि अनुवाद गर्न सकिँदैन।

### उचित प्रक्रियाको सुनुवाईका लागि छुट्टै अनुरोध

IDEA को भाग B (34 CFR §§300.500 देखि 300.536 सम्म) अन्तर्गत संघीय नियमनहरूका प्रक्रियात्मक सुरक्षा उपायहरूको खण्डमा भएको कुनै पनि कुरा पहिले नै दायर गरिएको उचित प्रक्रियाको उजुरी गर्ने अनुरोधबाट छुट्टै समस्यामा उचित प्रक्रियाको उजुरीका लागि छुटै अनुरोध गर्नबाट रोक्नका लागि अनुवाद गर्न सकिँदैन।

### सल्लाहकार समिति र सर्वसाधारण जनताका लागि खोज र निर्णय

भर्मन्ट शिक्षा निकाय वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन (तपाईंको सुनुवाईका लागि जिम्मेवार) ले कुनै पनि व्यक्तिगत रूपमा पहिचान गर्न मिल्ने जानकारी मेटाएपछि:

1. भर्मन्टको विशेष शिक्षा सुझाव परिषद्का खोज र निर्णयहरू प्रसारण गर्नुपर्छ; र:
2. सर्वसाधारणलाई ती खोज र निर्णयहरू उपलब्ध गराउनुपर्छ।

## अपीलहरू

### अन्तिम निर्णय; अपील; निष्पक्ष समीक्षा

नियम 2365.1.8 34; CFR §300.514

### अन्तिम सुनुवाई निर्णय

उचित प्रक्रियाको सुनुवाईमा (अनुशासनात्मक प्रक्रियाहरूसम्बन्धी सुनुवाईसहित) लिइने निर्णय अन्तिम निर्णय हो, यस बाहेक सुनुवाईमा संलग्न कुनै पनि पक्ष (तपाईं वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन) ले तल व्याख्या गरिएनुसार नागरिक कार्यवाही ल्याउन सक्छ।

### सुनुवाई र समीक्षाहरूको समयरेखा र उपयुक्तता

भर्मन्ट शिक्षा निकायले समाधान बैठकका लागि 30 पात्रो दिनको अवधि समाप्त भएपछि 45 पात्रो दिनभन्दा ढिला नगरिकन *वा 30 पात्रो दिनको समाधान अवधिमा गरिएका समायोजनहरू* नामकको उप-शीर्षकअन्तर्गत व्याख्या गरिएनुसार समायोजित समयावधि समाप्त भएपछि 45 पात्रो समयभन्दा ढिला नगरिकन निम्न कुरा सुनिश्चित गर्नुपर्छ:

1. सुनुवाईमा अन्तिम निर्णयसम्म पुगेको; र:
2. निर्णयको प्रतिलिपि प्रत्येक पक्षहरूलाई पत्राचारबाट पठाउने।

सुनुवाई अधिकारीले निम्न अवस्थामा कुनै पनि पक्षको अनुरोधमा माथि व्याख्या गरिएको 45-पात्रो-दिनको समयावधिको विशिष्ट समय बढाउने अनुमति दिन सक्नुहुन्छ:

1. बच्चाको शैक्षिक प्रगति वा कल्याण ढिलाइका कारण जोखिममा नपुगेमा;
2. पक्षसँग उचित प्रक्रियाका आवश्यकतानुसार सुनुवाईमा पक्षको स्थिति तयार गरेर प्रस्तुत गर्ने पर्याप्त समय भएमा; र:
3. ढिलाइको अवस्थामा पक्षलाई हुन सक्ने कुनै पनि आर्थिक वा अन्य हानिकारक परिणामहरूभन्दा बढी ढिलाइ गर्नु आवश्यक परेमा।

मौखिक विवाद समावेश भएको प्रत्येक सुनुवाई र प्रत्येक समीक्षा तपाईं र तपाईंको बच्चाका लागि उचित रूपमा सहज हुने समय र स्थानमा सञ्चालन गर्नुपर्छ।

नियम 2365.1.6.16 (a) and (b); 34 CFR §300.515

### ती कार्यहरू दायर गर्ने समयावधिसहित नागरिक कार्यहरू

नियम 2365.1.9; 34 CFR §300.516

#### सामान्य

निष्पक्ष उचित प्रक्रिया सुनुवाई (अनुशासनात्मक प्रक्रियाहरूसँग सम्बन्धित सुनुवाईसहित) मा खोजहरू र निर्णयसँग सहमत नहुने कुनै पनि पक्ष (तपाईं वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन) सँग उचित प्रक्रियाको सुनुवाईको विषय भएको मामिलासँग सम्बन्धित नागरिक कार्य ल्याउने अधिकार छ। विवादसँग सम्बन्धित नभइकन सक्षम क्षेत्राधिकारको राज्य अदालत (यस्तो खालको मुद्दा हेर्ने अधिकार भएको राज्य अदालत) वा संयुक्त राज्यको जिल्ला अदालतमा कार्यवाही ल्याउन सकिन्छ।

#### समयसीमा

कार्यवाही ल्याउने पक्ष (तपाईं वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन) सँग नागरिक कार्यवाही दायर गर्न सुनुवाई अधिकारीले निर्णय लिएको मितिदेखि 90 पात्रो दिनको समय हुने छ।

#### थप कार्यविधिहरू

कुनै पनि नागरिक कारवाहीमा, अदालतले:

1. प्रशासकीय प्रक्रियाका रेकर्डहरू प्राप्त गर्छ।
2. तपाईंको अनुरोधमा वा तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको अनुरोधमा थप प्रमाण सुन्छ; र:
3. आफ्नो निर्णयलाई प्रमाणको प्रधानतामा अधारित गर्छ र अदालतले उपयुक्त हुनुपर्ने भनी गर्ने निर्धारणहरूमा सहायता प्रदान गर्दछ।

#### जिल्ला अदालतहरूको क्षेत्राधिकार

संयुक्त राज्यका जिल्ला अदालतहरूसँग विवादसँग सम्बन्धित नगराइकन IDEA को भाग B र भर्मन्टका विशेष शिक्षा नियमहरूअन्तर्गत ल्याइएका कार्यवाहीहरूमा नियम गर्ने अधिकार हुन्छ।

#### विधानको नियम

IDEA को भाग B र भर्मन्टका विशेष शिक्षा नियमहरूमा रहेको कुनै पनि कुराले संयुक्त राज्यको संविधान, 1990 को असक्षमताहरू भएका अमेरिकीहरूको ऐन, 1973 को पुनर्सुधार ऐनको शीर्षक V (धारा 504) वा असक्षमताहरू भएको बालबालिकाका अधिकारहरू संरक्षण गर्ने अन्य संघीय कानूनहरूअन्तर्गत उपलब्ध अधिकार, प्रक्रिया र समाधानहरू प्रतिबन्ध वा सीमित गर्दैन यस बाहेक IDEA को भाग B र भर्मन्टका विशेष शिक्षा नियमहरूअन्तर्गत पनि उपलब्ध हुने राहत खोज्ने यी नियमहरूअन्तर्गत नागरिक कार्यवाही दायर गर्नुअघि माथि व्याख्या गरिएका उचित प्रक्रियाका कार्यविधिहरू कुनै पनि पक्षले IDEA र भर्मन्टका विशेष शिक्षा नियमहरूअन्तर्गत कार्यवाही दायर गरेमा आवश्यकतानुसार सारहीन हुनुपर्छ। यसको अर्थ तपाईंसँग IDEA को भाग B अन्तर्गत उपलब्ध कानूनहरूसँग मिल्ने अन्य कानूनहरूअन्तर्गत उपलब्ध समाधानहरू हुन सक्छ तर सामान्यतया, ती अन्य कानूनहरूअन्तर्गत राहत पाउनका लागि तपाईंले अदालतमा सिधै जानुअघि सुरुमा IDEA अन्तर्गत उपलब्ध प्रशासकीय समाधानहरू (अर्थात्, उचित प्रक्रियाको उजुरी, समाधान बैठक र निष्पक्ष उचित प्रक्रिया सुनुवाई कार्यविधिहरू) प्रयोग गर्नुपर्छ।

## वकीलहरूको शूल्क

नियम 2365.1.10; 34 CFR §300.517

### सामान्य

IDEA को भाग B र भर्मन्टका विशेष शिक्षा नियमहरूअन्तर्गत ल्याइएको कुनै पनि कार्य वा कार्यवाहीमा, तपाईंले प्रबल गर्नुहुन्छ भने, अदालतले आफ्नो निर्णयमा तपाईंलाई खर्चहरूको भागको रूपमा उचित वकील शुल्कहरू दिन सक्छ।

IDEA को भाग B र भर्मन्टका विशेष शिक्षा नियमहरूअन्तर्गत ल्याइएको कुनै पनि कार्य वा कार्यवाहीमा, वकीलले निम्न अवस्थामा तपाईंले भुक्तान गर्नु पर्ने प्रबल भर्मन्ट शिक्षा निकाय वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको खर्चहरूको भागको रूपमा अदालतले आफ्नो निर्णयमा तपाईंलाई उचित वकील शुल्कहरू दिन सक्छ: (a) अदालतले तुच्छ, अनुचित वा संस्थाविना फेला पारेको उजुरी वा अदालतको मामिला दायर गरेमा; वा (b) अभियोग स्पष्ट रूपमा तुच्छ, अनुचित वा संस्थाविना फेला परेपछि मुद्दा निरन्तर भएमा।

IDEA को भाग B र भर्मन्टका विशेष शिक्षा नियमहरूअन्तर्गत ल्याइएको कुनै पनि कार्य वा कार्यवाहीमा, निष्पक्ष उचित प्रक्रिया सुनुवाई वा पछिको अदालतको मामिलाका लागि तपाईंको अनुरोध दुर्व्यवहार गर्न, अनावश्यक ढिलाइ गर्न वा कार्य वा कार्यवाहीको खर्च अनावश्यक रूपमा बढाउने जस्ता कुनै पनि अनुचित उद्देश्यका लागि प्रस्तुत गरिएको भएमा वकीलले तपाईंले भुक्तान गर्नु पर्ने प्रबल भर्मन्ट शिक्षा निकाय वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको खर्चहरूको भागको रूपमा अदालतले आफ्नो निर्णयमा तपाईंलाई उचित वकील शुल्कहरू दिन सक्छ।

### शुल्कहरूको पुरस्कार

अदालतले निम्नानुसार उचित वकीलका शुल्कहरू दिन्छ:

1. शुल्कहरू प्रस्तुत गरिएका सेवाहरूको प्रकार र गुणस्तरको लागि कार्य वा सुनुवाई आवश्यक हुने समुदायमा प्रचलित दरमा आधारित हुनुपर्छ। कुनै बोनस वा गुणकलाई उपलब्ध गराइएका शुल्कहरू गणना गर्नमा प्रयोग गर्न सकिन्छ।
2. निम्न अवस्थामा तपाईंलाई सम्झौताको लिखित प्रस्ताव गरिसकेपछि सम्पादन गरिएका सेवाहरूका लागि IDEA को भाग B र भर्मन्टका विशेष शिक्षा नियमहरूअन्तर्गतका कुनै पनि कार्य वा कार्यवाहीमा शुल्कहरू पुरस्कृत गरिने छैन र सम्बन्धित लागतहरू प्रतिपूर्ति गरिने छैन:
    a. नागरिक कार्यविधिको संघीय नियमहरूको नियम 68 द्वारा निर्धारित गरिएको समयभित्र वा निष्पक्ष उचित प्रक्रिया सुनुवाई वा राज्य स्तरको समीक्षामा, कार्यवाही सुरु हुनुभन्दा 10 पात्रो दिनअघि कुनैपनि समयमा प्रस्ताव गरिएमा;
    b. 10 पात्रो दिनभित्र प्रस्ताव स्वीकार नगरिएमा; र:
    c. अदालत वा प्रशासकीय सुनुवाई अधिकारीले अन्तत: तपाईंले प्राप्त गर्नुभएको राहत सम्झौताको प्रस्तावभन्दा बढी लाभदायक छैन भन्ने कुरा फेला पारेमा। यी प्रतिबन्दहरूका बावजूद, तपाईं प्रबल हुनुभयो र सम्झौता प्रस्ताव अस्वीकार गर्न पर्याप्त रूपमा न्यायसंगत हुनुभयो भने वकीलका शुल्क र सम्बन्धित लागतहरूको पुरस्कार तपाईंलाई दिन सकिन्छ।
3. बैठक प्रशासकीय कार्यवाही वा अदालतको कार्यको नतिजाको रूपमा सञ्चालन नहुँदासम्म व्यक्तिपरक शिक्षा कार्यक्रम (IEP) टोलीको कुनै पनि बैठकसँग सम्बन्धित शुल्कहरू पुरस्कृत नगर्न सकिन्छ। *मध्यस्थता* नामक शीर्षकअन्तर्गत व्याख्या गरिएनुसार मध्यस्थताका लागि शुल्कहरू पुरस्कृत नगर्न सकिन्छ।

शीर्षक समाधानको बैठकअन्तर्गत व्याख्या गरिएनुसार समाधान बैठक प्रशासकीय सुनुवाई वा अदालतको कार्यको परिणाम स्वरूप सञ्चालित गरिएको बैठक मानिँदैन र यी वकीलका शुल्क प्रावधानहरूका उद्देश्यहरूका लागि प्रशासकीय सुनुवाई वा अदालतको कार्य पनि मानिँदैन।

अदालतले निम्न कुराहरू फेला पारेमा, उपयुक्त भएनुसार IDEA को भाग B र भर्मन्टका विशेष शिक्षा नियमहरूअन्तर्गत पुरस्कृत वकीलका शुल्कहरूको रकम घटाउँछ:

1. तपाईं र तपाईंको न्यायाधिवक्ताले, कार्य वा कारवाहीको योजनाको अवधिमा, विवादको अन्तिम समाधानमा बढी ढिलाई गर्नुभएको छ;

2. अधिवक्ताका शुल्कहरूको रकम समुदायमा अन्यथा उपलब्ध गराउन अधिकारप्राप्त गरिएको उचित रूपमा तुलनात्मक सीप, इज्जत र अनुभव भएको वकीलहरूबाट उस्तै प्रकारका सेवाहरू प्राप्त गर्नको लागि समुदायमा प्रचलित दरभन्दा अनुचित रूपमा बढी भएमा;
3. कार्य वा कार्यवाहीको प्रकृतिलाई विचार गर्दा बिताएको समय र सुसज्जित कानूनी सेवाहरू अत्याधिक भएमा; वा:
4. तपाईंलाई प्रतिनिधित्व गर्ने वकीलले तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनलाई उचित प्रक्रियाको उजुरीअन्तर्गत व्याख्या गरिएनुसार उचित प्रक्रियाको अनुरोध सूचनामा उपयुक्त जानकारी प्रदान नगरेमा।

यद्यपि, अदालतले राज्य वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले कार्यको अन्तिम समाधान वा प्रक्रियालाई अनुचित रूपबाट ढिलाइ गरको वा IDEA को भाग B र भर्मन्टका विशेष शिक्षा नियमहरूका प्रक्रियात्मक सुरक्षा प्रावधानहरूअन्तर्गत कुनै उल्लङ्घन भएको फेला पारेमा शुल्कहरू कटौती नगर्न सक्छ।

## असक्षमताहरू भएका बालबालिकाहरूलाई अनुशासनमा राख्ने प्रक्रियाहरू

### विद्यालय कर्मचारीको अधिकारी

नियम 4313.1; 34 CFR §300.530

#### प्रत्येक मामिलामा आधारित निर्धारण

अनुशासनसँग सम्बन्धित निम्न आवश्यकताहरू अनुसार स्थान नियोजनको परिवर्तन विद्यालयको विद्यार्थी आचार संहिता उल्लङ्घन गर्ने असक्षमता भएको बच्चाका लागि उपयुक्त छ वा छैन भनी निर्धारण गर्दा, विद्यालय कर्मचारीले मामिलाको आधारमा कुनै अद्वितीय परिस्थितिहरू विचार गर्न सक्छन्।

### सामान्य

उहाँहरूले असक्षमताहरू नभएका बालबालिकाहरूको विरूद्धमा पनि लिने उक्त कार्यवाहीको हदसम्म, विद्यालय कर्मचारीले विद्यार्थी आचार संहिता उल्लङ्घन गर्ने असक्षमता भएको बच्चालाई बढीमा लगातार 10 विद्यालय दिनका लागि उहाँको हालको स्थान नियोजनबाट हटाएर उपयुक्त अन्तरिम वैकल्पिक शैक्षिक सेटिङ (जुन बच्चाको व्यक्तिपरक शिक्षा कार्यक्रम (IEP) टोलीले निर्धारण गर्नुपर्छ), अर्को सेटिङमा राख्न वा निलम्बन गर्न सक्नुहुन्न। निष्कासनहरूमा स्थान नियोजनको परिवर्तन (परिभाषाका लागि तलको अनुशासनात्मक निष्कासनहरूको कारणले स्थान नियोजनको परिवर्तन हेर्नुहोस्) संलग्न नहुँदासम्म, विद्यालय कर्मचारीले दुर्व्यवहारका छुट्टै घटनाहरूका लागि उक्त एउटै विद्यालय वर्षमा बढीमा लगातार 10 विद्यालय दिनका लागि बच्चालाई अतिरिक्त निष्कासनहरू गर्न पनि सक्नुहुन्छ।

असक्षमता भएको बच्चालाई एउटै विद्यालय वर्षमा जम्मा 10 विद्यालय दिनका लागि आफ्नो हालको स्थान नियोजनबाट निकालेपछि, तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले उक्त विद्यालय वर्षमा निष्कासनको कुनै पनि लगातार दिनको अवधिमा उप-शीर्षक सेवाहरूअन्तर्गत तल आवश्यक हुने हदसम्म सेवाहरू उपलब्ध गराउनुपर्छ।

### अतिरिक्त अधिकार

विद्यार्थीको आचार संहिता उल्लङ्घन गर्ने व्यवहार बच्चाको असक्षमताको प्रत्यक्षीकरण (तलको प्रत्यक्षीकरण निर्धारण हेर्नुहोस्) थिएन र स्थान नियोजनको अनुशासनात्मक परिवर्तन गर्ने समय लगातार 10 विद्यालय दिनभन्दा बढी हुन्छ भने, विद्यालय कर्मचारीले असक्षमता नभएका बालबालिकालाई गरिने सोही तरिका र एउटै अवधिका लागि असक्षमता भएको उक्त बच्चामा अनुशासनात्मक कार्यविधिहरू लागू गर्न सक्नुहुन्छ, यस बाहेक, विद्यालयले सेवाहरूअन्तर्गत तल व्याख्या गरिएनुसार उक्त बच्चालाई सेवाहरू उपलब्ध गराउनुपर्छ। बच्चाको IEP टोलीले उक्त सेवाहरूका लागि अन्तरिम वैकल्पिक शैक्षिक सेटिङ निर्धारण गर्छ।

### सेवाहरू

बच्चाको हालको स्थान नियोजनबाट हटाइएको असक्षमता भएको बच्चालाई उपलब्ध गराउनु पर्ने सेवाहरू अन्तरिम वैकल्पिक शैक्षिक सेटिङमा उपलब्ध गराउन सकिन्छ।

विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले एउटै तरिकाले हटाइएको असक्षमताहरू नभएको बच्चालाई सेवाहरू उपलब्ध गराउँछ भने, यसलाई उक्त विद्यालय वर्षमा 10 विद्यालय दिन वा सोभन्दा कमका लागि उहाँको हालको स्थान नियोजनबाट हटाइएको असक्षमता भएको बच्चालाई सेवाहरू उपलब्ध गराउन मात्र आवश्यक पर्छ।

10 विद्यालय दिनका लागि बच्चाको हालको स्थान नियोजनबाट हटाइएको असक्षमता भएको बच्चाले:

1. शैक्षिक सेवाहरू प्राप्त गर्न जारी राख्नुपर्छ ताकि अर्को सेटिङमा भएतापनि, बच्चाले सामान्य शैक्षिक पाठ्यक्रममा सहभागिता जनाउन जारी राख्न सकोस् र बच्चाको IEP मा तय गरिएका लक्ष्यहरू पूरा गर्ने तर्फ अगाडि बढ्न सकोस्; र:
2. व्यवहार उल्लङ्घनलाई सम्बोधन गर्न डिजाइन गरिएको प्रकार्यात्मक व्यवहारात्मक मूल्याङ्कन र व्यावहारिक हस्तक्षेप सेवा र परिमार्जनहरू उपयुक्त भए अनुसार प्राप्त गर्नुपर्छ जसकारण यो फेरि हुँदैन।

असक्षमता भएको बच्चालाई उहाँको हालको स्थान नियोजनबाट सोही विद्यालय वर्षमा 10 विद्यालय दिनका लागि हटाएपछि र हालको निष्कासन लगातार 10 विद्यालय दिन वा सोभन्दा कमका लागि हो र निष्कासन स्थान नियोजनमा परिवर्तन (तलको व्याख्या हेर्नुहोस्) होइन भने, त्यसपछि विद्यालय कर्मचारीले कम्तीमा पनि बच्चाको एउटा शिक्षकसँगको परामर्शमा अर्को सेटिङमा भएतापनि, सामान्य शिक्षाको पाठ्यक्रममा सहभागी हुन जारी राख्न र बच्चाको IEP मा सेट गरिए अनुसारका लक्ष्यहरूलाई पूरा गर्नका लागि प्रगति गर्न बच्चालाई सक्षम गराउन आवश्यक हुने सेवाहरूको हदसम्म निर्धारण गर्नुपर्छ।

निष्कासन स्थान नियोजनको परिवर्तन (तलको परिभाषा हेर्नुहोस्) हो भने, बच्चाको IEP टोलीले बच्चालाई अर्को सेटिङमा भएतापनि सामान्य शैक्षिक पाठ्यक्रममा सहभागी हुन र बच्चाको IEP मा सेट गरिएका लक्ष्यहरूलाई पूरा गर्नमा प्रगति गर्नका लागि सक्षम गराउन उपयुक्त सेवाहरू निर्धारण गर्छ।

### प्रत्यक्षीकरण निर्धारण

विद्यार्थी आचार-संहिता उल्लङ्घन गरेको कारण असक्षमता भएको बच्चाको स्थान नियोजन परिवर्तन गर्ने कुनै पनि निर्णय गरेको 10 विद्यालय दिनभित्रमा (लगातार 10 विद्यालय दिन वा सोभन्दा कम समयका लागि निष्कासन गरिएको र स्थान नियोजन परिवर्तन नगरिएको अवस्थामा बाहेक), विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन, अभिभावक र IEP टोलीका सम्बन्धित सदस्यहरू (अभिभावक र विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनद्वारा निर्धारित गरिएअनुसार) ले निम्न कुराहरू निर्धारित गर्नका लागि बच्चाको IEP, कुनै पनि शिक्षकको अवलोकन र तपाईंले प्रदान गर्नुभएको कुनै पनि सम्बन्धित जानकारीसहित विद्यार्थीको फाइलमा भएका सबै सम्बन्धित जानकारी समीक्षा गर्नुपर्छ:

1. विवादास्पद आचरण बच्चाको असक्षमताका कारणले गर्दा भएको थियो वा त्यससँग प्रत्यक्ष र वास्तविक सम्बन्ध थियो भने; वा:
2. विवादास्पद आचरण बच्चाको IEP लागू गर्न विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको असफलताको प्रत्यक्ष परिणाम थियो भने।

विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन, अभिभावक र बच्चाको IEP टोलीका सम्बन्धित सदस्यहरूले यीमध्ये कुनै पनि सर्त पूरा भएका थिए वा थिएनन् भनी निर्धारण गर्दछन् भने, आचरण बच्चाको असक्षमताको अभिव्यक्ति भएको निर्धारित गरिनु पर्छ।

विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन, अभिभावक र बच्चाको IEP टोलीका सम्बन्धित सदस्यहरूले विवादास्पद आचरण बच्चाको IEP लागू गर्न विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको असफलताको प्रत्यक्ष परिणाम थियो कि थिएन भनी निर्धारण गर्दछन् भने, विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले ती अपूर्णताहरू समाधान गर्नका लागि तत्काल कार्यवाही चाल्नुपर्छ।

### उक्त व्यवहार बच्चाको असक्षमताको अभिव्यक्ति थियो कि थिएन भन्ने विषयमा निर्धारण

विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन, अभिभावक र बच्चाको IEP टोलीका सम्बन्धित सदस्यहरूले उक्त आचरण बच्चाको असक्षमताको अभिव्यक्ति थियो कि थिएन भनी निर्धारण गर्दछन् भने, IEP टोलीले:

1. विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले स्थान नियोजनको परिवर्तन गर्दा देखिएको व्यवहारअघि प्रकार्यात्मक व्यावहारिक मूल्याङ्कन नगरेको अवस्थामा सो मूल्याङ्कन गर्नुपर्छ र बच्चाका लागि व्यवहारिक हस्तक्षेप योजना लागू गर्नुपर्छ; वा
2. व्यावहारिक हस्तक्षेप योजना पहिले नै विकास गरिएको भएमा, व्यवहारिक हस्तक्षेप योजनाको समीक्षा गर्नुपर्छ र व्यवहार सम्बोध गर्न आवश्यक भएमा यसको परिमार्जन गर्नुपर्छ।

विशेष परिस्थितिहरू नामक उप-शीर्षकअन्तर्गत तल व्याख्या गरिएनुसार बाहेक, तपाईं र विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन व्यवहारिक हस्तक्षेप योजनाको परिमार्जनको भागको रूपमा स्थान नियोजनको परिवर्तनमा सहमत नहुँदासम्म तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले बच्चालाई निकालिएको स्थानबाट फेरि स्थान नियोजनमा राख्नुपर्छ।

### विशेष परिस्थितिहरू

उक्त व्यवहार बच्चाको असक्षमताको अभिव्यक्ति भए वा नभएपनि, बच्चाले निम्न कार्यहरू गरेमा विद्यालय कर्मचारीले विद्यार्थीलाई 45 विद्यालय दिनसम्मका लागि अन्तरिम वैकल्पिक शैक्षिक वातावरण (बच्चाको IEP टोलीद्वारा निर्धारित गरिएको) बाट हटाउन सक्नुहुन्छ:

1. विद्यालयमा हतियार (तल परिभाषा हेर्नुहोस्) ल्याउनुहुन्छ वा भर्मन्ट शिक्षा निकाय वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको क्षेत्राधिकारअन्तर्गत विद्यालय, विद्यालय परिसर वा विद्यालयको समारोहमा हतियार प्रयोग गर्नुहुन्छ भने;
2. भर्मन्ट शिक्षा निकाय वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको क्षेत्राधिकारअन्तर्गत विद्यालय, विद्यालय परिसर वा विद्यालयको समारोहमा हुँदा जानीबुझी गैर-कानूनी लागू औषधहरू (तल परिभाषा हेर्नुहोस्) धारण गर्नुभएको छ वा प्रयोग गर्नुहुन्छ वा नियन्त्रित पदार्थ (तल परिभाषा हेर्नुहोस्) बिक्री गर्नुहुन्छ वा बिक्री गर्ने इच्छा राख्नुहुन्छ भने; वा
3. भर्मन्ट शिक्षा निकाय वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको क्षेत्राधिकारअन्तर्गत विद्यालय, विद्यालय परिसर वा विद्यालयको समारोहमा हुँदा अर्को व्यक्तिलाई गम्भीर शारीरिक चोट (तल परिभाषा हेर्नुहोस्) पुऱ्याउनुभएको छ भने।

### परिभाषाहरू

*नियन्त्रित पदार्थ* भन्नाले नियन्त्रित पदार्थ ऐन (21 U.S.C. 812(c)) को धारा 202(c) का अनुसूचीहरू I, II, III, IV वा V अन्तर्गत पहिचान गरिएका औषधि वा अन्य पदार्थलाई बुझिन्छ।

*गैर-कानूनी औषधि* भन्नाले नियन्त्रित पदार्थलाई बुझिन्छ; तर यसमा अनुमतिप्राप्त स्वास्थ्य-स्याहार पेशेवरको निरीक्षणअन्तर्गत कानूनी रूपमा राखिने वा प्रयोग गरिने वा उक्त ऐनअन्तर्गत कुनै अन्य अधिकार वा संघीय कानूनको कुनै अन्य प्रावधानअन्तर्गत कानूनी रूपमा राखिने वा प्रयोग गरिने नियन्त्रित पदार्थ समावेश हुँदैन।

*गम्भीर शारीरिक चोट* शब्दले संयुक्त राज्यको संहिता, शीर्षक 18 को धारा 1365 को उप-धारा (h) को अनुच्छेद (3) अन्तर्गत ‘‘गम्भीर शारीरिक चोट’’ को अर्थ दिन्छ।

*हतियार* शब्दले संयुक्त राज्य आचार, शीर्षक 18 को धारा 930 को पहिलो उप-धारा (g) को अनुच्छेद (2) अन्तर्गत "खतरनाक हतियार" शब्दको अर्थ दिन्छ।

### सूचना

बच्चाले विद्यार्थी आचार-संहिताको उल्लङ्घन गरेको कारण बच्चाको स्थान नियोजनको परिवर्तन गर्ने जस्तो निष्कासनको निर्णय गर्ने दिन, विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले आमाबुवालाई उक्त निर्णयबारे सूचित गर्नुपर्छ र प्रक्रियात्मक सुरक्षा उपायहरूको सूचना उपलब्ध गराउनुपर्छ।

## अनुशासनात्मक निष्कासनहरूका कारणले स्थान नियोजनमा परिवर्तन

बच्चाको हालको शैक्षिक स्थान नियोजनबाट अशक्तता भएको बच्चा निष्कासन हुनु भनेको निम्न अवस्थामा स्थान नियोजनमा परिवर्तन हुनु हो:

1. निष्कासन लगातार 10 विद्यालय दिनभन्दा बढी समयका लागि भएमा; वा
2. निम्न कारणवश बच्चालाई कुनै ढाँचा स्थापित गर्ने निष्कासनहरूको श्रृङ्खलाको अधिनमा राखिएको छ भने:
    a. निष्कासनहरूको श्रृङ्खला विद्यालय वर्षमा 10 विद्यालय दिनभन्दा बढी समयको छ;
    b. बच्चाको व्यवहार पछिल्लो घटनाहरूमा निष्कासनहरूको श्रृङ्खला निम्त्याएको बच्चाको व्यवहारसँग पर्याप्त हदसम्म समान छ;
    c. यस्ता अतिरिक्त कारकहरू प्रत्येक निष्कासनको लम्बाइ, बच्चालाई निकालिएको कुल समयावधि र एक-अर्काको निष्कासनहरूको निकटता हुन्; र:
    d. निष्कासनहरूको ढाँचाले स्थान नियोजनमा परिवर्तन स्थापित गर्छ वा गर्दैन भन्ने कुरा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले प्रत्येक मामिलाको आधारमा निर्धारित गर्छ र चुनौतीपूर्ण भएमा उचित प्रक्रिया र न्यायिक प्रक्रियाहरूको अवधिभर समीक्षाको विषय हुन्छ।

नियम 4313.7 34; CFR §300.536

## सेटिङ्को निर्धारण

व्यक्तिपरक शिक्षा कार्यक्रम (IEP) टोलीले स्थान नियोजनमा परिवर्तन गर्ने *अतिरिक्त अधिकार र विशेष परिस्थितिहरू* नामक शीर्षकहरूअन्तर्गत निष्कासनहरूका लागि अन्तरिम वैकल्पिक शैक्षिक वातावरण निर्धारण गर्नुपर्छ।

नियम 4313.2 34; CFR § 300.531

## अपील

नियम 4313.3; 34 CFR § 300.532

### सामान्य

असक्षमता भएको बच्चाको अभिभावकले निम्न कुरासँग असहमत भएमा निष्पक्ष उचित प्रक्रिया सुनुवाई राख्न अनुरोध गर्नका लागि उचिय प्रक्रियाको उजुरी (माथि हेर्नुहोस्) दायर गर्न सक्नुहुन्छ:

1. यी अनुशासन प्रावधानहरूअन्तर्गत लिइएको स्थान नियोजनसम्बन्धी कुनै पनि निर्णय; वा
2. माथि वर्णन गरिएको अभिव्यक्ति निर्धारण।

विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले बच्चाको हालको स्थान नियोजन कायम राखियो भने बच्चा वा अन्य व्यक्तिहरूलाई वास्तवमै सम्भावित चोटपटक पुर्‍याउँछ भन्ने विश्वास गरेमा निष्पक्ष उचित प्रक्रिया सुनुवाई राख्न अनुरोध गर्नका लागि उचित प्रक्रियाको उजुरी (माथि हेर्नुहोस्) दायर गर्न सक्छ।

### सुनुवाई अधिकारीको अधिकार

*निष्पक्ष सुनुवाई अधिकारी* उप-शीर्षकअन्तर्गत व्याख्या गरिएका आवश्यकताहरू पूरा गर्ने सुनुवाई अधिकारीले निष्पक्ष उचित प्रक्रिया सुनुवाई आयोजित गर्नुपर्छ र निर्णय लिनुपर्छ। सुनुवाई अधिकारीले:

1. सुनुवाई अधिकारीले निष्कासन गर्नु विद्यालय कर्मचारीको अधिकार शीर्षकअन्तर्गत व्याख्या गरिएका आवश्यकताहरूको उल्लङ्घन हो वा बच्चाको व्यवहार बच्चाको असक्षमताको अभिव्यक्ति हो भनी निर्धारण गरेमा असक्षमता भएको बच्चालाई निकालिएको स्थानबाट फेरि स्थान नियोजनमा राख्न सक्नुहुन्छ; वा:
2. सुनुवाई अधिकारीले बच्चाको हालको स्थान नियोजन कायम राखियो भने बच्चा वा अन्य व्यक्तिहरूलाई वास्तवमै सम्भावित चोटपटक पुर्‍याउँछ भन्ने निर्धारण गरेमा उपयुक्त अन्तरिम वैकल्पिक शैक्षिक वातावरणमा 45 विद्यालय दिनसम्मका लागि अपाङ्गता भएको बच्चाको स्थान नियोजनमा परिवर्तन गर्ने आदेश दिन सक्नुहुन्छ।

विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले बच्चालाई मौलिक स्थान नियोजनमा फिर्ता गर्नाले बच्चा वा अन्य व्यक्तिहरूलाई सम्भावित चोटपटक निम्ताउने मूल रूपमा सम्भावना छ भनी विश्वास गर्छ भने, यी सुनुवाई कार्यविधिहरू दोहोर्‍याउन सकिन्छ।

अभिभावक वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले शीघ्र सुनुवाई राख्न अनुरोध गर्नका लागि उचित प्रक्रियाको उजुरी दायर गर्दा, निम्न अवस्थामा बाहेक *उचित प्रक्रियाको उजुरी कार्यविधि, उचिय प्रक्रियाका उजुरीबारे सुनुवाई* नामक शीर्षकहरूअन्तर्गत व्याख्या गरिएका आवश्यकताहरू पूरा हुने सुनुवाई राख्नुपर्छ:

1. अभिभावक अन्तरिम वा वैकल्पिक स्थान नियोजन गर्ने कुरासँग असहमत हुनुभयो वा LEA ले हालको स्थान नियोजनले बच्चा वा अर्को व्यक्तिलाई चोटपटक निम्त्याउन सक्छ भन्ने कुरा विश्वास गर्छ भने, भर्मन्ट शिक्षा निकायले शीघ्र उचित प्रक्रियाको सुनुवाईको व्यवस्था मिलाउनुपर्छ जुन सुनुवाई अनुरोध गरिएको मितिबाट 20 विद्यालय दिनभित्र हुनुपर्छ र सुनुवाईपछि 10 विद्यालय दिनभित्र निर्धारण गरिनुपर्छ।
2. अभिभावक र विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले बैठक नबस्न वा मध्यस्थता प्रयोग गर्न लिखितमा सहमति नजनाउँदासम्म, समाधान बैठक उचित प्रक्रियाको उजुरीका लागि अनुरोधको सूचना प्राप्त गरेको सात पात्रो दिनभित्र हुनुपर्छ। उचित प्रक्रियाको उजुरी प्राप्त गरेको 15 पात्रो दिनभित्र दुवै पक्षको सन्तुष्टिमा मामिला समाधान नहुँदासम्म सुनुवाई अगाडि बढ्न सक्छ।

पक्षले अन्य उचित प्रक्रियाका सुनुवाईहरूमा निर्णयहरूका लागि उहाँहरूले गर्न सक्ने तरिकामा शीघ्र उचित प्रक्रियाको सुनुवाईमा निर्णयको अपील गर्न सक्नुहुन्छ (माथिका **अपीलहरू** हेर्नुहोस्)।

## अपीलहरूको अवधिमा स्थान नियोजन

माथि व्याख्या गरिएनुसार, अभिभावक वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले अनुशासनात्मक मामिलाहरूसँग सम्बन्धित उचित प्रक्रियाको उजुरी दायर गर्दा, बच्चा (अभिभावक र विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियन सहमत नभएसम्म) सुनुवाई अधिकारीको निर्णयलाई

विचाराधीनमा राख्दै अन्तरिम वैकल्पिक शैक्षिक सेटिङ वा विद्यालय कर्मचारीको अधिकारी शीर्षक अन्तर्गत उपलब्ध र व्याख्या गरिएनुसार जुन पहिले भएतापनि निष्कासनको समयावधिको म्याद समाप्ति मितिसम्म रहनुपर्छ।

नियम 4313.4; 34 CFR §300.533

## विशेष शिक्षा तथा सम्बन्धित सेवाहरूका लागि अहिलेसम्म योग्य नरहेका बालबालिकाको सुरक्षा

नियम 4313.5; 34 CFR §300.534

### सामान्य

बच्चालाई विशेष शिक्षा र सम्बन्धित सेवाहरूका लागि योग्य निर्धारित गरिएको छैन र विद्यार्थीको आचार संहिताको उल्लङ्घन गर्नुहुन्छ तर अनुशासनात्मक कार्यवाही गर्नु पर्ने त्यस्तो व्यवहार हुनुअघि विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनलाई बच्चा असक्षमता भएको बच्चा हुनुहुन्थ्यो भन्ने थाहा थियो (तल व्याख्या गरिनुसार) भने, बच्चाले यो सूचनामा व्याख्या गरिएका कुनै पनि संरक्षणका लागि अधिकार जताउन सक्नुहुन्छ।

### अनुशासनात्मक मामिलाहरूका लागि ज्ञानको आधार

निम्न अवस्थामा अनुशासनात्मक कार्यवाही गर्नु पर्ने व्यवहार हुनुअघि विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनलाई बच्चा असक्षमता भएको बच्चा हो भनी ज्ञात भएको मानिन्छ:

1. बच्चाको अभिभावकले बच्चालाई विशेष शिक्षा र सम्बन्धित सेवाहरूको आवश्यकता छ भनी उपयुक्त शैक्षिक निकायको सुपरिवेक्षक वा प्रशासकीय कर्मचारी वा बच्चाको शिक्षकलाई लिखितमा चिन्ता व्यक्त गर्नुभयो भने;
2. अभिभावकले IDEA को भाग B र भर्मन्टका विशेष शिक्षा नियमहरूअन्तर्गत विशेष शिक्षा र सम्बन्धित सेवाहरूका लागि योग्यतासँग सम्बन्धित मूल्याङ्कनको अनुरोध गर्नुभयो भने; वा
3. बच्चाको शिक्षक वा अन्य विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको कर्मचारीले बच्चाले देखाएको व्यवहारको शैलीका बारेमा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनका विशेष शिक्षा निर्देशक वा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको अन्य सुपरिवेक्षण कर्मचारीसामु प्रत्यक्ष रूपमा चिन्ता व्यक्त गर्नुभयो भने।

### अपवाद

निम्न कुराहरू भएमा विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनलाई उक्त ज्ञान भएको मानिने छैन:

1. बच्चाको अभिभावकले बच्चाको मूल्याङ्कनको अनुमति दिनुभएको छैन वा विशेष शिक्षा सेवाहरू अस्वीकार गर्नुभएको छ भने; वा
2. बच्चालाई IDEA को भाग B र भर्मन्टका विशेष शिक्षा नियमहरूअन्तर्गत असक्षमता भएको बच्चा होइन भनी मूल्याङ्कन र निर्धारण गरिएको छ भने।

### कुनै ज्ञानको आधार नभएमा लागू हुने अवस्थाहरू

बच्चाको विरुद्धमा अनुशासनात्मक उपायहरू अपनाउनुअघि, विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनलाई अनुशासनात्मक उपायहरूको ज्ञानको आधार नामक उप-शीर्षक र तुलनात्मक व्यवहारहरूमा संलग्न असक्षमताहरू भएका बालबालिकालाई लागू हुने अनुशासनात्मक उपायहरूसँग सम्बन्धित हुन सक्ने अपवादअन्तर्गत माथि व्याख्या गरिएनुसार बच्चा असक्षमता भएको बच्चा हो भन्ने कुरा थाहा नहुन सक्छ।

यद्यपि, बच्चालाई अनुशासनात्मक उपायहरूमा राखिएको समयावधिमा बच्चाको मूल्याङ्कनका लागि अनुरोध गरिन्छ भने, मूल्याङ्कन शीघ्र तरिकामा सञ्चालन गर्नुपर्छ।

मूल्याङ्कन पूरा नहुँदासम्म, बच्चा विद्यालय अधिकारीहरूद्वारा निर्धारण गरिएको शैक्षिक स्थान नियोजनमा रहनुहुन्छ, जसमा शैक्षिक सेवाहरूविना निलम्बन वा निष्कासन समावेश हुन सक्छ।

बच्चालाई तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनद्वारा सञ्चालन गरिएको मूल्याङ्कनबाट आएको जानकारी र अभिभावकद्वारा उपलब्ध गराइएको जानकारी विचार गरेर असक्षमता भएको बच्चा निर्धारण गरिएमा, विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले माथि व्याख्या गरिएका अनुशासनात्मक आवश्यकताहरूसहित IDEA को भाग B र भर्मन्टका विशेष शिक्षा नियमहरू अनुसार विशेष शिक्षा र सम्बन्धित सेवाहरू उपलब्ध गराउनुपर्छ।

## कानून कार्यन्वयन र न्यायिक अधिकारीहरूमा गरिने सिफारिस र उनीहरूद्वारा गरिने कार्यवाही

IDEA को भाग B ले:

1. निकायलाई असक्षमता भएको बच्चाद्वारा गरिएको अपराध उपयुक्त अधिकारीहरूलाई रिपोर्ट गर्न निषेध गर्दैन; वा:
2. राज्यको कानून प्रवर्तन र न्यायिक अधिकारीहरूलाई असक्षमता भएको बच्चाद्वारा गरिएका अपराधहरूमा संघीय र राज्य कानूनको एप्लिकेसनको सम्बन्धमा उहाँहरूका जिम्मेवारीहरू निभाउनबाट रोक्दैन।

नियम 4313.6; 34 CFR §300.535

#### रेकर्डहरूको प्रसारण

विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले असक्षमता भएको बच्चाले गरेको अपराध रिपोर्ट गरेमा, विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले:

1. बच्चाको विशेष शिक्षा र अनुशासनात्मक रेकर्डहरूको प्रतिलिपि निकायले अपराधको रिपोर्ट गर्ने अधिकारीहरूद्वारा विचारका लागि प्रसारण गरिन्छ भनी सुनिश्चित गर्नुपर्छ; र:
2. पारिवारिक शैक्षिक अधिकारहरू र गोपनीयता ऐन (FERPA) द्वारा अनुमति दिइएको हदसम्म मात्र बच्चाका विशेष शिक्षा र अनुशासनात्मक रेकर्डहरूका प्रतिलिपिहरू प्रसारण गर्न सक्छ।

## सार्वजनिक खर्चमा निजी विद्यालयमा बालबालिकाका अभिभावकहरूद्वारा गरिने एकपक्षीय स्थान नियोजनका लागि आवश्यकताहरू

### सामान्य

विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले तपाईंको बच्चालाई निःशुल्क उपयुक्य सार्वजनिक शिक्षा (FAPE) उपलब्ध गराएमा र तपाईंले आफ्नो बच्चालाई निजी विद्यालयमा पढाउन चाहेमा, IDEA को भाग B र भर्मन्टका विशेष शिक्षा नियमहरूले विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनलाई निजी विद्यालयमा तपाईंको असक्षमता भएको बच्चाको विशेष शिक्षा र सम्बन्धित सेवाहरूसहित शिक्षा शुल्कको भुक्तान गर्न आग्रह गर्दैन। यद्यपि, निजी विद्यालय अवस्थित भएको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले तपाईंको बच्चालाई जनसङ्ख्यामा समावेश गर्नुपर्छ जसका आवश्यकताहरू उनीहरूका अभिभावकले 34 CFR §§300.131 देखि 300.144 अन्तर्गत निजी विद्यालयमा राखिएको बालबालिकासँग सम्बन्धित भाग B का प्रावधान र भर्मन्टका विशेष शिक्षा नियमहरूअन्तर्गत सम्बोधन गरिन्छ।

नियम 2368.1.4; 34 CFR §300.148

## निजी विद्यालय स्थान नियोजनको प्रतिपूर्ति

तपाईंको बच्चाले पहिले नै विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको अधिकारीअन्तर्गत विशेष शिक्षा र सम्बन्धित सेवाहरू प्राप्त गर्नुभएको छ र तपाईं आफ्नो बच्चालाई विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनको सहमति वा सन्दर्भविना निजी इलिमेन्टरी विद्यालय वा सेकेण्डरी विद्यालयमा भर्ना गर्ने छनोट गर्नुभयो भने, अदालत वा सुनुवाई अधिकारीले तपाईंको बच्चालाई उक्त भर्नापूर्व निकायले सामयिक तरिकामा निःशुल्क उपयुक्त सार्वजनिक शिक्षा (FAPE) उपलब्ध गराएको छैन र उक्त निजी स्थान नियोजन उपयुक्त छ भनमा अदालत वा सुनुवाई अधिकारीले उक्त भर्नाका लागि लागेको खर्च तपाईंलाई प्रतिपूर्ति गर्न निकायलाई आग्रह गर्न सक्छ। स्थान नियोजनले विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनद्वारा उपलब्ध गराइएको शिक्षामा लागू हुने राज्यका मापदण्डहरू पूरा नगरेतापनि, सुनुवाई अधिकारी वा अदालतले तपाईंको स्थान नियोजन उपयुक्त भएको फेला पार्न सक्छ।

## प्रतिपूर्तिको सीमितता

निम्न अवस्थामा माथि अनुच्छेदमा व्याख्या गरिएको प्रतिपूर्तिको खर्च घटाउन वा अस्वीकार गर्न सकिन्छ:

1. (a) तपाईंले आफ्नो बच्चालाई सार्वजनिक विद्यालयबाट निकाल्नुअघि तपाईं उपस्थित हुनुभएको एकदमै हालैको व्यक्तिपरक शिक्षा कार्यक्रम (IEP) मा, तपाईंले आफ्नो बच्चालाई FAPE उपलब्ध गराउनका लागि विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले प्रस्ताव गरेको स्थान नियोजन अस्वीकार गर्नुभएको कुरा IEP टोलीलाई सूचित गर्नुभएन र आफ्ना सरोकारहरू र आफ्नो बच्चालाई सार्वजनिक खर्चमा निजी विद्यालयमा भर्ना गर्नुको अभिप्राय उल्लेख गर्नुभएन भने; वा (b) तपाईंले आफ्नो बच्चालाई सार्वजनिक विद्यालयबाट निकाल्नुअघि कम्तीमा 10 व्यवसाय दिन (व्यवसाय दिनमा हुने कुनै पनि बिदासहित) मा, तपाईंले उक्त जानकारीका बारेमा आफ्नो विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनलाई लिखित सूचना दिनुभएन भने;
2. तपाईंले आफ्नो बच्चालाई सार्वजनिक विद्यालयबाट निकाल्नुअघि, तपाईंको विद्यालय जिल्ला वा सुपरिवेक्षण युनियनले तपाईंको बच्चाको मूल्याङ्कन गर्ने आफ्नो चाहनाको बारेमा तपाईंलाई पूर्व लिखित सूचना (उपयुक्त र उचित भएको मूल्याङ्कनको प्रयोजनको कथनसहित) उपलब्ध गरायो तर तपाईंले मूल्याङ्कनका लागि आफ्नो बच्चालाई ल्याउनुभएन भने; वा
3. तपाईंका कार्यहरू अनुचित थिए भन्ने कुरा अदालतले थाहा पाएमा।

यद्यपि, प्रतिपूर्तिको लागत:

1. निम्न अवस्थामा सूचना प्रदान गर्न नसक्दा घटाउने वा अस्वीकार गर्ने गर्नु हुँदैन: (a) विद्यालयले तपाईंलाई सूचना प्रदान गर्नबाट रोकेको भएमा; (b) तपाईंले माथि व्याख्या गरिएको सूचना (यी प्रक्रियागत सुरक्षा प्राप्ति) प्रदान गर्ने आफ्नो जिम्मेवारीबारे सूचना प्राप्त नगरेको भएमा; वा (c) माथि उल्लिखित आवश्यकताहरूको अनुपालनाले गर्दा सम्भवतः तपाईंको बच्चालाई शारीरिक हानी पुऱ्याउने भएमा; र:
2. अदालत वा सुनुवाई अधिकारीले निम्न अवस्थामा आवश्यक सूचना प्रदान गर्न नसकेको खण्डमा प्रतिपूर्ति घटाउने वा अस्वीकार गर्ने आफ्नो निर्णय लिन सक्छ: (a) आमाबुवा पढेलेखेको हुनुहुन्न वा अङ्ग्रेजीमा लेख्न सक्नुहुन्न भने; वा (b) माथि उल्लिखित आवश्यकताको अनुपालनाले गर्दा सम्भवतः तपाईंको बच्चालाई भावनात्मक हानी पुऱ्याउने भएमा।